जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक १३० • २०८० साल आश्विन १० गते बुधबार (27 September, Wednesday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

# अधिकांश मासु पसल मापदण्ड विपरीत

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका अधिकांश मासु पसल मापदण्ड विपरीत सञ्चालन भएको पाइएको छ । भेटेरिनरी अस्पताल तथा पशुसेवाविज्ञकेन्द्रधनुषाकोअगुवाइमा मंगलबारदेखि सुरु भएको अनुगमनका क्रममा जनकपुरधामस्थित रेल्वे स्टेशन क्षेत्रमा रहेका मासु पसलको अवस्थाबारे जानकारी लिइएको छ।



केन्द्रका प्रमुख डा. सञ्जीवकुमार ठाकुरले अनुगमनका क्रममा अधिकांश पसलहरू दर्ता बिना सञ्चालनमा रहेको पाइएको बताए। उनले मासु जाँच सम्बन्धी ऐन नियमानुसार न्यूनतम मापदण्डसमेत पालना नगरेको र गुणस्तरहीन मासुसमेत भेटिएको बताए।

"धनुषाको मासु बजारका समस्याका अनुगमन गरेका हौं", उनले भने, "जसमा अधिकांश व्यवसायीले न्यूनतम मापदण्ड पनि पालना नगरेको पायौं, केहीलाई नियन्त्रणमा लिएका छौं भने केहीलाई कार्यालयमा उपस्थित हुन निर्देशन दिएका छौं ।" अनुगमनका क्रममा करिब ३० केजी दूषित मासु नष्ट गरिएको छ।

पशुपंक्षी रोग अन्वेषण प्रयोगशाला धनुषामा कार्यरत डा. राकेश मोहन सिंहले नियन्त्रणमा लिइएका मासु परीक्षणका लागि नमूना प्रयोगशालामा पठाइएको बताए।

घरेलु तथा साना उद्योग कार्यालय धनुषाका सूचना अधिकारी मनोजकुमार कर्णले अनुगमन गरिएका पसलमध्ये अधिकांश दर्ता बिना सञ्चालन भइरहेको पाइएको बताए। उनले जिउँदो कुखुरा बेच्ने अनुमति लिए पनि मासु काटेर बेच्ने गरेको, मासु र अण्डा एकै ठाउँमा राखेर बिक्री गरिरहेको पाइएपछि दर्ता गरी मापदण्ड अनुसार सञ्चालन गर्न निर्देशन दिएको बताए।

पशु सेवा विज्ञ केन्द्र प्रमुख डा. ठाकुरले पहिलो चरणमा जनकपुरधाम बजार क्षेत्रमा र त्यसपछि अन्य स्थानमा अनुगमन गरिने बताए । अनुगमनमा मासु पसल, भेटेरेनरी र डेरीको अनुगमन गरिने उनको भनाइ छ । अनुगमन टोलीमा जिल्ला प्रशासन कार्यालय धनुषासहित सरोकारवालाका प्रमुख एवं प्रतिनिधिहरूको सहभागिता थियो।

त्यस्तै मधेश प्रदेशका सप्तरीको राजविराज, सिरहाको सिरहा र लहान, महोत्तरीको जलेश्वर, सर्लाहीको मलंगवा, रौतहटको गौर, कलैया र वीरगञ्ज लगायतका स्थानमा पनि अस्वस्थ्यकर मासु खान सर्वसाधारण बाध्य छन् । चाडबाडको बेला सरकारी निकायले अनुगमन गरेपछि उनीहरु सतर्क हुने र वर्षभरि आफूखुशी मासु बेच्नेहरु सरकारी कर्मचारीको गैर जिम्मेवारीको नतिजा रहेको स्थानीयहरु बताउँछन्।

# सहकारी सञ्चालक र कर्मचारीसहित १३ जनाविरुद्ध पक्राउ पुर्जी जारी

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जको आदर्शनगरस्थित सानोपाइला बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सञ्चालक र कर्मचारीसहित १३ जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। बचतकर्ताहरूको अर्बौं रुपैयाँ निक्षेप फिर्ता नगरेपछि सहकारीका संस्थापक, वर्तमान तथा पूर्व सञ्चालक समितिका सदस्य र कर्मचारसिहित १३ जनाविरुद्ध पर्सा जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरेको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार अदालतले सानो पाइला सहकारीका संस्थापक गितेन्द्र बाबु राई (जीबी राई), वर्तमान अध्यक्ष अनन्त बाबु राई, उपाध्यक्ष सुनित श्रेष्ठ, पूर्व उपाध्यक्ष नेहा पौडेल, सचिव देवेन्द्र बाबु राई, पूर्व सचिव तस्विरन मियाँ, कोषाध्यक्ष कुमार रम्तेल, पूर्व कोषाध्यक्ष सृष्टि श्रेष्ठ (मानन्धर), सदस्यहरू थान बहादुर बुढा मगर, धीरज कुमार दास, पूर्व सदस्य अशोक यादव, प्रबन्धक असरफ अलि सिद्धिकी र कर्जा अधिकृत राधेचन्द्र यादव विरुद्ध पक्राउ पुर्जी जारी गरेको छ।

पक्राउ पूर्जी जारी भएकामध्ये कोषाध्यक्ष कुमार रम्तेल र कर्जा अधिकृत राधेचन्द्र यादवमात्र पक्राउ परेका छन् । अन्य व्यक्तिहरू भने फरार रहेको प्रहरीले जनाएको छ। रम्तेललाई काठमाण्डुस्थित उपत्यका अपराध अनुसन्धान महाशाखा मिनभवनले भदौ २५ गते नै पक्राउ गरेको थियो । पोखरास्थित सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सदस्य समेत रहेका रम्तेलले सहकारी मार्फत झन्डै एक हजार बचतकर्ताहरूको अर्बौं रकम पनि हिनामिना गरेको आरोपमा अपराध अनुसन्धान महाशाखाले उनलाई पक्राउ गरेको थियो।

यादवलाई भने पर्सा प्रहरीले गत शुक्रबार पक्राउ गरेको थियो । उनलाई पर्सा जिल्ला अदालतमा उपस्थित गराएर म्याद थप गरी अनुसन्धानसमेत भइरहेको पर्साका प्रहरी उपरीक्षक कोमल शाहले जानकारी दिए। उनले फरार रहेकाहरूको पनि खोजी कार्य जारी रहेको बताए।

वीरगञ्ज महानगरपालिकाले यसअघि भदौ ४ गते नै सानो पाइला सहकारीलाई समस्याग्रस्त घोषणा गर्दै सञ्चालकहरूको चलअचल सम्पत्ति रोक्का गरेर उनीहरूलाई पक्राउ गर्न विभिन्न निकायमा पत्राचार गरेको थियो। सहकारीलाई समस्याग्रस्त संस्था घोषणा गरी सञ्चालकहरूलाई पक्राउ गरी कारबाही गर्न महानगरले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) र नेपाल राष्ट्र बैंकलाई पत्राचार गरेको थियो।

> सहकारीले सदस्यहरुले बचत गरेको निक्षेप रकम फिर्ता गर्न नमानेको भन्दै महानगरपालिकाको सहकारी, रोजगार तथा उद्यम प्रवर्द्धन शाखामा एक सय १५ भन्दा बढीले लिखित उजुरी दिएका थिए । उजुरीका आधारमा सहकारीले एक अर्ब भन्दा बढी रकम हिनामिना गरी सदस्यहरुलाई फिर्ता नगरेको कर्णले बताए ।

महानगरको सहकारी, रोजगार तथा उद्यम प्रवर्द्धन शाखाका प्रमुख सुनिल कर्णका अनुसार महानगरले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई पठाएको पत्रमा लामो समयदेखि बचतकर्ताहरूको निक्षेप फिर्ता गर्न असक्षम सानो पाइला सहकारीलाई समस्याग्रस्त घोषणा गर्न सिफारिस गरेको थियो।

त्यस्तै नेपाल राष्ट्र बैंकलाई लेखिएको पत्रमा सहकारीका संरक्षक, पूर्व सञ्चालक, वर्तमान सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरू समेतको बैंक खताका साथै चलअचल सम्पत्ति रोक्का गर्न महानगरले सिफारिस गरेको थियो।

त्यस्तै सिआइबीलाई पठाइएको पत्रमा संस्थाका संस्थापक एवं संरक्षक गितेन्द्रबाबु, अध्यक्ष अनन्तबाबु राई, उपाध्यक्ष सुनित श्रेष्ठ, सचिव देवेन्द्रबाबु राई, कोषाध्यक्ष कुमार रम्तेल, सदस्य अशोक यादव, थानबहादुर बुढामगर र धिरज दास, संस्थाका व्यवस्थापक असरफ अली, पूर्व उपाध्यक्ष नेहा पौडेल, पूर्व सचिव तस्बिरन मियाँ, पूर्व कोषाध्यक्ष सृष्टि मानन्धरसहित १५ जनालाई पक्राउ गरेर अनुसन्धान गरी कारबाहीको लागि सिफारिस गरेको कर्णले बताए।

सहकारीले सदस्यहरूले बचत गरेको निक्षेप रकम फिर्ता गर्न नमानेको भन्दै महानगरपालिकाको सहकारी, रोजगार तथा उद्यम प्रवर्द्धन शाखामा एक सय १५ भन्दा बढीले लिखित उजुरी दिएका थिए। उजुरीका आधारमा सहकारीले एक अर्ब भन्दा बढी रकम हिनामिना गरी सदस्यहरूलाई फिर्ता नगरेको कर्णले बताए।

सदस्यहरूको उजुरी पर्न थालेपछि महानगरपालिकाले संस्थाका संरक्षक जिबी राईसहितका सञ्चालकहरूलाई गत असार २४ गते महानगरपालिकाको कार्यालयमै झिकाएको थियो। बैठकमा सञ्चालक र व्यवस्थापकहरूले समस्या समाधानका लागि १५ दिनको समय माग गर्दै संस्थाको आर्थिक अवस्था बारे प्रस्ट हुने गरी एउटा श्वेत पत्र जारी गर्न भनेका थिए । यद्यपि संस्थाले जारी गरेको श्वेत पत्र चित्तबुझ्दो नभएपछि महानगरपालिकाको टोली सहकारीको कार्यालयमा अनुगमनमा पुगेको थियो। तर अनुगमनमा पुग्दा सहकारीको कार्यालयमा संरक्षक, सञ्चालक, पदाधिकारी र व्यवस्थापकमध्ये कोही पनि नभेटिएको कर्णले बताए।

सञ्चालक र व्यवस्थापकहरू नै सम्पर्कविहीन भएपछि महानगरपालिकाले भदौ ४ गते मन्त्रालय, सिआईबी र राष्ट्र बैंकलाई कारबाहीका लागि पत्र लेखेको कर्णको भनाइ छ।

काठमाण्डुको कालीमाटीमा केन्द्रीय कार्यालय भएको सानो पाइला सहकारीको वीरगञ्जस्थित शाखा कार्यालयमा यसअघि गत असार १० गते बचतकर्ता सदस्यहरूले प्रदर्शन गर्दै धर्ना पनि दिएका थिए। हाल उक्त कार्यालय बन्द रहेको छ। कार्यालय बाहिर लगाइएको संस्थाको साइनबोर्ड पनि हटाइएको छ । कार्यालय रहेको घरधनीका अनुसार सहकारीका प्रबन्धकहरूले थोरै थोरै गरेर कार्यालयबाट कम्प्युटर र फर्निचरहरू लागिसकेका छन्।







# अवैध मोबाइल बरामद



**टुडे समाचारदाता**

सिरहा । सिरहाको गोलबजारमा भन्सार छली गरी ल्याइएको अवैध मोबाइल बरामद गरिएको छ।

गोलबजारमा १८ वटा एण्ड्रोइड मोबाइलसेटसहित एउटा मोटरसाइकल बरामद भएको सशस्त्र प्रहरी बल गोलबजारले जनाएको छ । भारतबाट अवैध रुपमा भन्सार छली गरी ल्याइएको २ लाख ३४ हजार ३ सय ८० मूल्यका मोबाइलसहित नम्बर प्लेट नभएको एउटा मोटरसाइकल बरामद गरिएको छ ।

बरामद सामानहरु सिरहाको माडर खेरौना भन्सार कार्यालय पठाइएको सशस्त्र प्रहरी बलका एसपी प्रमोद भारतीले जनाएका छन्।

# साझा सुझाव समावेश गरी सङ्घीय निजामती ऐन ल्याउन माग

काठमाण्डु । नेपाल निजामती कर्मचारी सङ्गठनले राष्ट्रियस्तरका ट्रेड युनियनले दिएका ७१ बुँदे साझा सुझाव समावेश गरी सङ्घीय निजामती ऐन तत्काल जारी गर्न माग गरेको छ।

सो सङ्गठनको यही असोज ५ र ६ गते भक्तपुरको खरिपाटीमा सम्पन्न केन्द्रीय कार्यसमितिका निर्णय सार्वजनिक गर्न मंगलबार आयोजित पत्रकार सम्मेलनमा उक्त विधेयक तर्जुमाका क्रममा आफूहरूसँग परामर्श कम र कर्मचारी वर्गलाई हतोत्साही तुल्याउने काम भएको आरोप लगाइएको छ।

सङ्गठनले स्वास्थ्य सेवा र संसद् सेवालाई निजामती सेवामा समावेश गर्न, सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीलाई निजामती सेवाको परिभाषामा समेट्न, 'जहाँ सरकार, त्यहाँ ट्रेड युनियन' को अवधारणा कार्यान्वयन गर्न, अन्तर तह र अन्तर प्रदेशसहित वैज्ञानिक सरुवाको व्यवस्था गर्न, उमेर हद ६० वर्ष कायम गर्न तथा सर्वोच्च अदालतलको २०७८ साल माघ १२ को निर्देशनात्मक आदेशका विषय राख्न माग गरेको छ।

सो सङ्गठनका अध्यक्ष लेखनाथ कोइरालाले कर्मचारीको हित र साझा सुझावअनुसार विधेयक नआएमा आफूहरूले शिक्षक-कर्मचारीको भन्दा ठूलो आन्दोलन गर्ने चेतावनी दिनुभयो। उहाँले राजीतिक क्षेत्रको ढिलाइ र केही उच्च तहका कर्मचारीको स्वार्थका कारण सो विधेयक संसद्मा लैजान विलम्ब भएको टिप्पणी गर्नुभयो।

सङ्गठनका महासचिव जीवन काफ्लेले आफूहरूको मातहत रहेका ६९ जिल्लामा रहेका राष्ट्रसेवक कर्मचारीहरूको सहकारी लिमिटेडको यही असोज ८ गते खरिपाटीमा सम्पन्न राष्ट्रिय कार्यशालाबाट ती सहकारीलाई अझ प्रभावकारी र व्यवस्थित बनाउने सङ्कल्प गरिएको जानकारी दिनुभयो।

ती सहकारीमा हाल २० हजार नौ सय ८० शेयर सदस्य र रु दुई अर्ब १८ करोड ७२ लाख ४५ हजार तीन सय ५७ सम्पति-दायित्व रहेको छ । ती सहकारीहरूको पाँचौं राष्ट्रिय भेला आगामी मङ्सिर १५ र १६ गते हुने तय गरिएको छ। रासस

# ट्र्याक्टर व्यवसायीहरु आन्दोलित

**रञ्जन यादव**

बारा । घरायसी प्रयोगका लागि खोलाबाट बालुवा निकाल्न पाउनुपर्ने माग राख्दै निजगढ सिंगौलका ट्र्याक्टर व्यवसायीहरु आन्दोलित भएका छन्।

उनीहरुले विरोध गर्दै निजगढ नगरपालिकाको कार्यालय घेराउ गरेका छन्। चालु आर्थिक वर्षका लागि नगरपालिका कार्यालयबाट नदीजन्य पदार्थको उत्खनन र बिक्रीको ठेक्का लागि नसकेकाले प्रहरीले खोलामा गिटी, बालुवा र ढुङ्गा उत्खननमा रोक लगाउँदै आएको छ।

अस्थायी प्रहरी चौकी सिंगौलका प्रहरीहरुले आफूहरुसँग ५ सय देखि १ हजारसम्म घुस माग्ने गरेको ट्र्याक्टर व्यवसायीले आरोप लगाएका छन। सिंगौलबाट एक दर्जनको संख्यामा खाली ट्र्याक्टर सहित आएका व्यवसायीहरुले धन्सार खोलाबाट बालुवा निकाल्ने क्रममा आफूहरुलाई प्रहरीले रकम मागेर दुख दिने गरेको ट्र्याक्टर व्यवसायीहरुले गुनासो गरेका छन।

उनीहरुले निजगढको क्रसर उद्योगबाट खरिद गरेर लगेको गिटी बालुवामा पनि सिंगौलका प्रहरीले पैसा मागेर दुख दिने गरेको बताए। कार्यालय घेराउमा आएका अर्का ट्र्याक्टर चालकले प्रहरीले आफूहरुसंग प्रति ट्र्याक्टर ५ सय रुपैयाँ घुस माग्ने गरेको आरोप लगाए।

व्यवसायीहरुले नगरप्रमुख सुरथ पुरीलाई समस्या अवगत गराएका थिए । व्यवसायीहरुले नगरपालिकालाई कर बुझाउन तयार रहेको तर प्रहरीलाई घुसको रकम दिन नचाहेकाले यस्तो कदम चाल्नु परेको बताए।

यता नगरप्रमुख पुरीले नदीजन्य खोला उत्खननको आईई रिपोर्ट तयार हुँदै गरेको र केही दिनमै खोला ठेक्का लागेपछि यो समस्या हल हुने बताए।

यता इलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक घनश्याम श्रेष्ठले भने प्रहरीले कसैसंग पनि रकम नमागेको र खोलाबाट अवैध रुपमा बालुवा ढुङ्गा निकाल्न नपाएपछि व्यवसायीहरुले प्रहरीमाथि झुटा आरोप लगाएको बताए।

# संसद् होइन, सांसदकै क्षमता कमजोर छ : अध्यक्ष केसी

काठमाण्डु । नेपाली राजनीतिक क्षेत्रमा सम्मानभावले हेरिने राजनीतिज्ञ चित्रबहादुर केसी भन्नुहुन्छ, चुनाव जितेर आएको एक वर्ष भयो, एउटा पनि ऐन निर्माण गर्न सकिएन, मतदातासमक्ष कसरी मुख देखाउने भन्ने अहिले ठूलो प्रश्न छ।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष केसी भन्नुहुन्छ, "जनतासमक्ष के भन्ने र कसरी मुख देखाउन जाने, एउटै पनि कामै गर्न सकेनौं भन्ने कि लुकेर यतै बस्ने भन्ने अवस्था छ। यसमा संसद्को क्षमता नभएको होइन, सांसदकै कमजोर प्रवृत्ति छ।"

विसं २०१४ मा नेपाल कम्युनिष्ट पार्टीको सदस्यता ग्रहण गरी विसं २०२१ मा बागलुङमा सङ्गठन बनाएर राजनीतिक क्षेत्रमा प्रवेश गर्नुभएका केसी विसं २०३१ मा नेकपाको चौथो महाधिवेशनबाट केन्द्रीय सदस्य बन्नुभएको थियो। विसं २०२८ मा राजनीतिक प्रशिक्षणका क्रममा गिरफ्तारीमा परी नौ महिना कारागार जीवन बिताउनुभएका उहाँ लामो समय शिक्षण पेसामा संलग्न हुनुभयो।

विसं २०४० मा नेकपा (मसाल)का महामन्त्री, पाँचौं महाधिवेशनमा पोलिटब्यूरो सदस्य, विसं २०५६, २०६४, २०७० र २०७९ मा बागलुङ निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधिसभामा निर्वाचित केसीले विसं २०७२ कात्तिकदेखि २०७३ साउनसम्म उपप्रधानमन्त्रीको जिम्मेवारी सम्हाल्ने अवसर प्राप्त गर्नुभयो।

राष्ट्रिय जनमोर्चा विसं २०५२ मा गठन भएपछि निरन्तर अध्यक्ष रहनुभएका केसीको 'संसद्मा एक दशक २०५६-२०६७' कृति प्रकाशित छ । नेता केसीले सदन होस् वा संसदीय समितिमा बोल्ने दिन सांसदहरूका लागि विशेष प्रतिक्षाको घडी बन्छ र सञ्चारकर्मी पनि उहाँलाई पर्खेर बस्ने गर्छन् । ठेट नेपाली भाषामा उखान टुक्कासहितको उहाँको वाक्कला पछिसम्म चर्चामा रहन्छ।

सांसदको मुख्य जिम्मेवारी नीति र विधि निर्माण अर्थात् नियम-कानुन बनाउने तथा बनेका कानुनलाई समयानुकूल तुल्याउन संशोधन र परिमार्जन गर्ने रहेको उहाँले बताउनुभयो । उहाँले सरकार निर्माण, बजेट बाँडफाँट, छलफल र अनुमोदन मुख्य कार्यभार भए पनि मतदातामा सांसद भनेको विकास निर्माणको पनि मुख्य जिम्मेवारीमा बसेका प्राणी हुन् भन्ने जबर्जस्त बुझाइ रहेको प्रतिक्रिया दिनुभयो।

संसद्मा विधेयक, नियमावली, ऐन, कानुन र नियमका काममा व्यस्त रहनुभन्दा विकास चाहियो भनी मन्त्रालय, मन्त्री र कर्मचारीका कोठा, चोटा चहार्ने प्रवृत्ति गलत रहेको बताउँदै पूर्वसहकारी तथा गरिबी निवारणमन्त्री केसीले निर्वाचनमा उम्मेदवार मत माग्न जाँदा तिनसँग धारा, बाटो, विद्यालय, कुलो र तटबन्धको माग गर्ने मतदाताको स्तरले पनि मुख्य जिम्मेवारी र कर्तव्यलाई ओझेलमा पारेको धारणा राख्नुभयो।

बारीमा गएको पहिरो रोक्न आवश्यक जाली लिन वडा, पालिका र प्रदेशलाई छाडेर केन्द्रीय सांसदसँग माग गर्ने प्रवृत्ति कायम नै रहेको जनाउँदै उहाँले भन्नुभयो, "एक जना मतदाताले बारीमा गएको पहिरो रोक्न जाली पठाइदिनुपर्‍यो भनी मसँगै माग गरेको अवस्था छ। कार्यक्षेत्र र जिम्मेवारीबारे बुझाउन नसक्नु हाम्रो पनि कमजोरी छ।"

चुनावका बेला जे भने पनि दिन्छु भनेर प्रतिवद्धता गरेपछि उनीहरूले माग गर्नु स्वभाविक भएको बताउँदै उहाँले भन्नुभयो, "जैसा गुरु ओहिसा चेला भनेजस्तै छ।" विधि र विधान बनाउनेको स्तर माथि उठेको भए मतदाताले पनि त्यही सिक्ने र बुझ्ने थिए भन्दै अध्यक्ष केसीले मत माग्ने बेलामा नसक्ने, नपुग्ने, नहुने आश्वासन बाँड्ने विषय ठीक नभएको प्रतिक्रिया दिनुभयो।

सांसद भनेको नीति निर्माण गर्ने हुन् भन्ने बुझ्न जरुरी रहेको बताउँदै उहाँले संसदीय विकास कोषमार्फत रु पाँच करोड बराबरको योजना छनोट र खर्च गराउने विषयले पनि चुनाव खर्चिलो तुल्याएको धारणा राख्नुभयो।

राजनीतिक दलका नेता र सांसदले भनेको जस्तो विकास निर्माण अघि बढेको भए लाखौं युवा जनशक्ति किन विदेश जानुपर्थ्यो भनी प्रश्न गर्दै सांसद केसीले धेरै कुरा र थोरै काम गर्ने प्रवृत्ति सच्चिन आवश्यक रहेको विचार प्रकट गर्नुभयो।

एक प्रसङ्गमा उहाँले भन्नुभयो, "सांसद र संसद्मा कमजोरी छ, आफू परिवर्तन भएको मानिसले मात्रै परिवर्तन गर्न सक्छ, त्यो यहाँ देखिन्न। सांसदकै स्तर नउठेको हो, अनि देशमा विकास र परिवर्तनको के सम्भावना हुन्छ र ?"

"निर्वाचन भएको नौ महिना र सदन सञ्चालन भएको सात महिनासम्म प्राथमिकता परेको एउटा पनि विधेयक पारित हुन नसक्दा यसभन्दा लज्जाजनक कुरा के हुनसक्छ, यो मतदातालाई गर्नै नहुने र सुनाउनै नमिल्ने कुरा हो", अध्यक्ष केसीले भन्नुभयो।

"जनतासमक्ष के भन्ने र के मुख देखाउन जाने भनी प्रश्न गर्दै उहाँले एउटै पनि कामै गर्न सकिएन भन्ने कि लुकेर यतै बस्ने अवस्था छ। संसद्को होइन, सांसदकै क्षमता र प्रवृत्ति कमजोर छ।"

विधि र थिति बनाउने प्रमुख भूमिकामा रहेका सांसद सरकार बनाउने, गिराउने र आफ्ना स्वार्थमा केन्द्रित हुने कुराले प्राथमिकताका विषय नै ओझेलमा पर्ने गरेको बताउँदै नेता केसीले १५ दिनभित्र बनाइसक्नुपर्ने संसदीय समितिका नियमावली पनि सात महिनासम्म पूरा नभएको घटनाले त्यसलाई पुष्टि गरेको जनाउनुभयो।

अहिले जिम्मेवारी र काम, कर्तव्यभन्दा प्रधान विषय सत्ता हुन गएको विचार राख्दै उहाँले नेपालजस्तो पिछडिएको समाजमा राष्ट्र र जनताको स्वार्थ केन्द्रमा राखेर राजनीतिक दलले राजनीति गर्ने भए देशमा यस्तो अवस्था हुन्थेन भन्नुभयो। उहाँ भन्नुहुन्छ, "जसरी पनि सत्तामा जानुपर्छ, रजाइँ गर्न पाउनुपर्छ भन्नेबाहेक अन्य चिन्ता नभएपछि सिद्धान्त र पद्धतिले काम गरेन, विशुद्ध सत्ता र शक्तिका लागि मात्र छिनाझपटी भयो।"

"संविधान जारी भएको आठ वर्षसम्म एउटा प्रदेशको न्वारन हुन सक्दैन, भएपछि त्यसका विरुद्ध झगडा हुन्छ, महिनैपिच्छे सरकार गठन हुन्छ, विघटन हुन्छ । मेरो पार्टीले प्रजातान्त्रिक विकेन्द्रीकरण गरौं, प्रदेशको लफडामा नलागौं त्यसै भनेको होइन। सत्ताका लागि सभामुखले नै भोट हाल्ने कार्य भएको छ, समृद्धि प्राप्त भइहाल्छ भन्ने लक्षण देखिँदैन", उहाँ भन्नुहुन्छ।

सबैभन्दा ठूलो सङ्कट भनेको त्यति ठूलो सङ्घर्ष गरेर ल्याएको लोकतन्त्र र गणतन्त्रप्रति जनतामा यति छिटो र ठूलो निराशाको स्थिति सिर्जना गराउनमा प्रमुख राजनीतिक शक्ति नै दोषी रहेको आरोप लगाउँदै सांसद केसीले नेताहरूको चरित्र, क्रियाकलाप र बानी-व्यहोराका कारणले जनताले विकल्प खोजेको भनाइ राख्नुभयो।

सदनमा हाम्रो क्रियाकलाप र गतिविधि देखेर यस प्रणालीप्रति नै प्रश्नचिह्न खडा हुनु राम्रो नभएको बताउँदै उहाँले संसद् हाँक्ने नेतृत्व पनि परिपक्व हुनुपर्ने आवश्यकता महसुस भएको धारणा राख्नुभयो। संसद्मा कसैले गलत कुरा प्रवेश गराएमा सैद्धान्तिक र कानुनीरूपमा प्रतिवाद गर्न सक्नुपर्नेमा जोड दिँदै उहाँले सदन चलाउन विशेष योग्यता, क्षमता र खुबी आवश्यक पर्ने पनि औंल्याउनुभयो।

सदनको पनि आफ्नो मर्यादा र पद्धति हुने भएकाले आफ्ना कुरा मर्यादितरूपमा प्रवेश गराउन सकिने बताउँदै उहाँले बढी उच्छृङ्खल हुने र सञ्चालकले गर्ने 'कमान्ड'मा निर्भर हुने विचार प्रकट गर्नुभयो। रासस



"सांसद र संसद्मा कमजोरी छ, आफू परिवर्तन भएको मानिसले मात्रै परिवर्तन गर्न सक्छ, त्यो यहाँ देखिन्न । सांसदकै स्तर नउठेको हो, अनि देशमा विकास र परिवर्तनको के सम्भावना हुन्छ र ?"

# शहरीको सहमतिबिना सामान्य प्रशासन मन्त्रालयद्वारा कर्मचारीको सरुवा

काठमाण्डु । सहरी विकास मन्त्रालयको जानकारी बेगर नै सो मन्त्रालयका विभाग/कार्यालय/आयोजनामा कार्यरत प्राविधिक कर्मचारीको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अन्य निकायमा सरुवा गरेपछि समस्या उत्पन्न भएको छ।

यसले गर्दा सहरी मन्त्रालयको कार्यक्रम कार्यान्वयनमा गम्भीर समस्या उत्पन्न भएकाले मन्त्रालयअन्तर्गतका प्राविधिक कर्मचारीको सरुवा गर्दा मन्त्रालयसँग समन्वय गरेर मात्र गरिदिन सहरी मन्त्रालयले सामान्य मन्त्रालयलाई अनुरोध पठाउने भएको छ।

सहरी मन्त्रालयको आज सम्पन्न समीक्षा बैठकले सो सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाउने र सोको जानकारी प्रधानमन्त्री तथा मन्त्रपरिषद्को कार्यालयलाई दिने निर्णय गरेको हो।

यसैगरी बैठकले मन्त्रालयको आर्थिक वर्ष ०८०/८१ को वित्तीय र भौतिक प्रगति वृद्धि गर्न महाशाखा, विभाग, आयोजना र मातहतका सबै निकायले प्रत्येक महिनाको पहिलो हप्तामा आन्तरिक बैठक बसी समस्याको पहिचान र तत्काल समाधान गर्नुपर्ने काम पहिचान गरी सोको जानकारी मन्त्रालयलाई दिने निर्णय गरेको छ।

बैठकले प्रत्येक महिनाको तेस्रो हप्ता मन्त्रालयमा विभागीय प्रमुख/आयोजना प्रमुख/कार्यालय प्रमुखको समीक्षा बैठक बसी आयोजनाको समस्या समाधान गर्न समन्वय र सहजीकरण गर्ने निर्णय गरेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयअन्तर्गतका सबै केन्द्रीय निकाय र आयोजनाको तल्लो एकाइ/निकायमा कार्य प्रगति वृद्धि गर्न अनिवार्यरूपमा दोस्रो र तेस्रो चौमासिकमा मन्त्रालय/विभागले स्थलगत अनुगमन, मूल्याङ्कन गरी संस्थागत अभिलेखीकरण गर्ने बैठकको निर्णय छ।

मन्त्रालयअन्तर्गतका कार्यक्रम अन्य सङ्घीय मन्त्रालय/कार्यालय, प्रदेश, स्थानीय तहहरूसँग समेत दोहोरिएका देखिएकाले यस्ता कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित सङ्घीय कार्यालय, प्रदेश कार्यालय र स्थानीय तहहरूलाई जानकारी गराई कार्यान्वयन गर्न मन्त्रालयका दुवै विभागले मातहतका कार्यालयलाई जानकारी गराउने बैठकको निर्णय छ।

बैठकमा सहरी विकासमन्त्री सीता गुरुङले मन्त्रालयको वित्तीय र भौतिक प्रगति वृद्धि गर्न महाशाखा, विभाग, आयोजना र मातहत निकायका प्रमुखलाई निर्देशन दिनुभएको थियो।

बैठकमा काठमाडौँ उपत्यका विकास प्राधिकरण, नगर विकास कोष, राष्ट्रिय आवास कम्पनी, अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति, सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय, राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र सबै कार्यान्वयन एकाइ/कार्यालय/आयोजनाका प्रमुखको सहभागिता थियो। रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | पारिवाहिक सुख । |
| बृष | शिक्षामा उन्नति । |
| मिथुन | भ्रमण अवसर हुने । |
| कर्कट | वाद विवादबाट बच्नु । |
| सिंह | सुख समृद्धि हुने । |
| कन्या | प्रेम प्रसंग, मित्र सुख । |
| तुला | नयाँ कार्य हुने । |
| वृश्चिक | पुरस्कार प्राप्त लाभ । |
| धनु | धन वृद्धि सञ्चय । |
| मकर | बौद्धिक क्षमता । |
| कुम्भ | प्रतिभा सम्पन्नता । |
| मीन | अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |

# सुक्खा बन्दरगाहमा 'कन्टेनर स्क्यानर' बेवारिसे अवस्थामा



**टुडे समाचारदाता**

बीरगञ्ज । चीन सरकारको अनुदानमा प्राप्त करोडौ रुपैयाँ पर्ने कन्टेनर स्क्यानर मेसिन वीरगञ्जस्थित सुक्खा बन्दरगाह भन्सार परिसरभित्र बेवारिसे अवस्थामा थन्किएको छ।

भारत तथा तेस्रो मुलुकबाट रेलमार्फत् नेपालमा भित्रिने ठुला कन्टेनरभित्र रहेका मालवस्तुको स्क्यान गरी परीक्षण गर्ने उद्देश्यले नेपाल सरकारले मेसिन प्राप्त गरेको हो। तर,सो स्क्यानर मेसिन केही वर्षदेखि वीरगञ्जस्थित सुख्खा बन्दरगाह भन्सार कार्यालयमा बेवारिसे अवस्थामा छ।

सो मेसिन सञ्चालन गर्न सुक्खा बन्दरगाह कार्यालयले चीनबाटै प्राविधिक झिकाई ६ जना कर्मचारीलाई तालिमसमेत दिएको थियो। तर, तालिम पाएका कर्मचारीहरु पनि अन्यत्र सरुवा भएर गएपछि अहिले मेसिन बिग्रिएर काम नगर्ने अवस्थामा पुगेको भन्सार कर्मचारी बताउँछन्।

दीर्घकालिन रुपमा सञ्चालन गर्न सक्ने-नसक्ने विषयमा अध्ययन नै नगरी अनुदानमा प्राप्त गरेको भरमै नेपाल भित्र्याइएको मेसिन अहिले कर्मचारीहरुका लागि समेत समस्याको विषय भएको छ।

गत महिना अर्थमन्त्री रामशरण महतले वीरगञ्जस्थित सुख्खा बन्दरगाह भन्सार कार्यालयको अनुगमनकोक्रममा भन्सार कर्मचारीले नियोजित ढंगले कन्टेनर स्क्यानर मेसिन बिगारेर राखेको भन्दैसार्वजनिक रुपमा टिप्पणी गरेका थिए।

सुक्खा बन्दरगाह भन्सार कार्यालयका भन्सार अधिकृत सुशीलप्रसाद शर्मालेस्क्यानर मेसिन करिव १५ वर्षअघि चिनियाँ सरकारको अनुदानमा प्राप्त भएको जनाए । उनले तत्कालीन अवस्थामा उच्च लोडसेडिङ र दक्ष प्राविधिक जनशक्तिको अभावमा मेसिन सुचारु गर्न नसकिएको बताए।

सुक्खा बन्दरगाह भन्सार कार्यालयमा भारतसहित तेस्रो मुलुकबाट दैनिक सयौको संख्यामा कन्टेनर भित्रिन्छन्। यस्ता कन्टेनरभित्र रहेका मालवस्तुको भौतिक परीक्षण सरल बनाउन सरकारले स्क्यानर मेसिन ल्याएको थियो।

प्रविधिमैत्री मेसिन सञ्चालनको अभावमा अहिलेकन्टेनरको भौतिक परीक्षण गर्न कर्मचारीलाई भ्याईनभ्याई छ। भन्सार अधिकृत शर्माले पुनः यो मेसिन सञ्चालन गर्न सक्ने/नसक्ने विषय प्राविधिकलाई मात्रै ज्ञान हुने र प्राविधिकहरुबाट परीक्षण गराएर चल्न सक्ने अवस्थाको भए चलाउने र चल्न नसक्ने अवस्थाको भएमा अर्को वैकल्पिक मेसिनको ल्याउनुपर्ने बताउँछन्।

तर, मर्मतसम्भार गरेर सञ्चालनमा ल्याउन सरोकारवाला निकायको ध्यान पुगेको देखिदैन। मेसिन सञ्चालन गर्न विद्युत र लोडसेडिङ मात्रै समस्या थियो वा तत्कालीन कर्मचारीले नियोजित ढंगले बिगारेर राखेका हुन् भन्ने विषयमा भने अध्ययन आवश्यक देखिन्छ।

# खानेपानी तथा सरसफाइसम्बन्धी राष्ट्रिय सम्मेलन शुरु

काठमाण्डु । खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी राष्ट्रिय सम्मेलन मंगलबारदेखि काठमाडौँमा शुरु भएको छ।

खानेपानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रमा संलग्न तीन वटै तहका सरकार, विभिन्न सरकारी निकाय, निजी एवं गैरसरकारी क्षेत्र, नागरिक समाज, विज्ञ तथा विकास साझेदार क्षेत्रका प्रतिनिधिसहित दुई सयभन्दा बढी प्रतिनिधिको सहभागितामा सम्मेलन शुरु भएको हो।

खानेपानी मन्त्रालयको आयोजनामा मंगलबारदेखि शुरु भएको 'खानेपानी सरसफाइ तथा स्वच्छता संयुक्त क्षेत्रगत समीक्षा'सम्बन्धी दुई दिने राष्ट्रिय सम्मेलनले यस क्षेत्रमा हालसम्म भएका गतिविधि र उपलब्धिको समीक्षा गर्दै आगामी रणनीति तय गर्नेछ।

सम्मेलन कार्यवाहक खानेपानी मन्त्री एवं श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले उद्घाटन गर्नुभयो । उहाँले सम्मेलनको निष्कर्षले खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा गर्नुपर्ने कामका लागि दिशानिर्देशन गर्ने आशा व्यक्त गर्नुभएको थियो।

खानेपानी मन्त्रालयका सचिव राम आधार साहले सम्मेलनले खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रका सवल र दुर्वल पक्षको समीक्षाका साथै चुनौती र अवसरको लेखाजोखा गर्ने, क्षेत्रगत सुधारका लागि जवाफदेहिता तथा प्रमाणमा आधारित निर्णय गर्दै सरोकारवालाको सहभागितामा दीगो रणनीति विकासमा सहयोग गर्ने जानकारी दिनुभयो।

उहाँले सामुहिक प्रयास र प्रतिबद्धताका कारण खानेपानी, सरसफाई तथा स्वच्छताका क्षेत्रमा महत्वपूर्ण काम भएको र अझै बाँकी रहेका कामलाई प्रभावकारी कार्यान्वनयका लागि संयुक्त अभ्यास जारी राख्नुपर्नेमा जोड दिनुभयो । त्यसलाई यो सम्मेलनको निष्कर्षले महत्वपूर्ण आधार तयार पार्ने उहाँले बताउनुभयो।



सम्मेलनले खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी रणनीति कार्यक्रम, आयोजनाको विस्तृत विश्लेषण गरी आगामी रणनीति घोषणा पनि गर्नेछ । सम्मेलनमा शहरी विकास मन्त्रालयका सचिव रविन्द्रनाथ श्रेष्ठले नेपालमा कानुन, नीति नियम प्रशस्त रहेको र त्यसले आफैँलाई बाँधिरहेको उल्लेख गर्दै असम्भव योजना राख्नुभन्दा गर्न सक्ने कामको योजना बनाएर कार्यान्वयन गर्न सुझाव दिनुभयो।

खानेपानी मन्त्रालयका सहसचिव तिरेशप्रसाद खत्रीले मंगलबार पहिलो दिन विषयगत क्षेत्रबारे प्रस्तुत कार्यपत्रमाथि विश्लेषण र समीक्षा गर्ने र भोलि दोस्रो दिन समीक्षाबाट आएको निष्कर्षका आधारमा आगामी दिनमा गर्नुपर्ने विषयबारे निष्कर्षसहितको घोषणापत्र सार्वजनिक गरिने बताउनुभयो।

उहाँले सन् २०३० सम्ममा स्वच्छ खानेपानी उपलब्ध गराउने दीगो विकास लक्ष्य पूरा गर्न सम्मेलनले मार्गनिर्देश गर्ने बताउनुभयो । त्यही लक्ष्य पूरा गर्न सम्मेलनले ठोस रणनीति तय गर्नेछ।

यसअघि प्रदेशगतरूपमा समीक्षा गोष्ठी सम्पन्न गरी देशभरका प्रतिनिधि सहभागि भई राष्ट्रिय सम्मेलन आयोजना गरिएको र यसको निष्कर्षलाई आगामी १६औँ पञ्चवर्षीय योजनामा समेट्ने प्रयास गरिने जनाइएको छ । यसअघि सन् २०११ र २०१४ मा यस्तै सम्मेलन गरिएको थियो।

हालसम्म चार सयभन्दा बढी पालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता(वास)सम्बन्धी योजना बनाइसकेका छन् । सरकारले यस वर्ष राष्ट्रिय सरसफाइ अभियान सञ्चालन गर्ने घोषणा पनि गरिसकेको छ।

सम्मेलनको पहिलो दिन मंगलबार मन्त्रालयका सिनियर डिभिजनल इन्जिनियर प्रभात श्रेष्ठले खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी हालको अवस्थाबारेमा जानकारी गराउनुभएको थियो । सिनियर डिभिजनल इन्जिनियर नारायणप्रसाद आचार्यले यससम्बन्धीका कानुनी प्रावधान र कार्यान्वयनको अवस्थाबारे जानकारी गराउनुभयो।

सम्मेलनमा युनिसेफ नेपालका कार्यक्रम उपप्रतिनिधि जी ह्यून रहले यस्ता कार्यक्रमहरू समावेशिता र सीमान्तकृत समुदायलाई प्राथमिता दिने गरी अघि बढाउनुपर्नेमा जोड दिनुभयो । उहाँले कानुनमा भएको व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गरी, लगानी बढाउँदै संयुक्त प्रयासबाट खानेपानी सरसफाई र स्वच्छताको क्षेत्रमा काम हुनुपर्ने सुझाव दिनुभयो।

सम्मेलनमा राष्ट्रिय विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले यस क्षेत्रका हरेक पूर्वाधार विपद् व्यवस्थापनलाई ध्यानमा राखेर निमाण गर्नुपर्ने बताउनुभयो।

नेपालमा ९५ प्रतिशतमा आधारभूत खानेपानीको पहुँच पुगेको छ । त्यसमध्ये २६ प्रतिशतमा ट्रिटमेन्ट प्लानसहितको खानेपानी सुविधा छ । सरसफाइतर्फ ९५ प्रतिशतमा शौचालय सुविधा बनिसकेको छ भने त्यसमध्ये १० प्रतिशत ढलसहितको व्यवस्थापन गरिएको छ। रासस

# '...त्यसपछि बन्यो निधिको नाममा मिथिला संस्कृति केन्द्र'

जनकपुरधाम। विसं २०५६ मा सन्त नेता कृष्णप्रसाद भट्टराई दोस्रो पटक प्रधानमन्त्री हुनुभएको समय थियो । नेपाली कांग्रेसका पूर्वसभापतिसमेत रहनुभएका प्रधानमन्त्री भट्टराईको गान्धीवादी नेता स्व महेन्द्रनारायण निधिको नाममा जनकपुर क्षेत्रमा दीर्घकालीन महत्त्वको केही काम गर्ने चाहना रहेछ।

उहाँले एकदिन आफ्नो त्यो चाहना स्व निधि पुत्र विमलेन्द्र निधिलाई सुनाउनुभयो । बुबाको नाममा केही ऐतिहासिक महत्त्वको काम गर्ने योजनामै रहेका विमलेन्द्रलाई प्रधानमन्त्री स्वयंले नै त्यसो भनेपछि थप सजिलो हुने नै भयो। तर गर्ने के ? अन्योलमा हुनुहुन्थ्यो निधि।

हुन त उहाँसँग योजना नभएका होइनन् तर प्राथमिकता निर्धारण गरिसकेको अवस्था थिएन । त्यही बेला तत्कालीन जनकपुरका नगरप्रमुख बजरङ्गप्रसाद साहले नगरमा बहुआयामिक महत्त्वको सभाहल निर्माणका लागि गरेको सङ्घर्ष निधिको सम्झनामा आयो । त्यही विषयमा छलफल सुरु भयो । आफ्ना पिता स्व नेता महेन्द्र नारायण निधिको नाममा प्रधानमन्त्रीले पनि केही महत्त्वको काम गर्ने चाहना राख्नुभएका बारे कुराकानी भयो । सभाहल बनाउने तर त्यसको नाम 'महेन्द्र नारायण निधि संस्कृति केन्द्र' बनाउने प्रस्तावमा नगरप्रमुख साहले पनि सहमति जनाउनुभयो।

नगरप्रमुखसँग भएको मोटामोटी सहमतिको बेहोरा प्रधानमन्त्री भट्टराईलाई सुनाएपछि उहाँले तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्री बलबहादुर केसीसँग सल्लाहपछि आर्थिक वर्ष विसं २०५७/५८ देखि आयोजनाकै रुपमा संस्कृति केन्द्रको निर्माण सुरु भएको थियो । सोही आर्थिक वर्षको वैशाख महिनामा महेन्द्र नारायण निधि पत्नी प्रेमसागरी देवी निधिले भवनको शिलान्यास गरेसँगै आयोजनाको निर्माण कार्य सुरु भयो।

करिब २३ वर्षअघि सुरुभएको आयोजनाको महत्त्वपूर्ण अङ्गका रुपमा रहेको सभाहल उद्घाटन कार्यक्रममा सोमबार तिनै निधि पुत्र विमलेन्द्रले यी कुरा सुनाउनुभएको हो। त्यसक्रममा निधिले भन्नुभयो, "तत्कालीन मेयर (बजरङ्गप्रसाद साह) जनकपुरमा एउटा सिटी हल निर्माण गर्न भौतारिरहनुभएको थियो । उहाँले सहयोगका लागि सरकार र विभिन्न दूतावास धाइरहेको पीडा मैले नजिकबाट नियालिरहेको थिए । प्रधानमन्त्री स्वयंले नै जनकपुरमा अहिंसावादी नेता मेरो पिताजीको नाममा केही गर्ने चाहना व्यक्त गरेको सन्दर्भमा जनकपुरमा सभाहल निर्माण सुरु भएको हो।"



आफ्नो पिताजीको नाम जोडिए पनि संस्कृति केन्द्रको उद्देश्य मिथिलाको कला संस्कृति, अहिंसा, शान्ति र सामाजिक सद्भाव संरक्षणमा काम गर्ने रहेकाले त्यसको सदुपयोग गर्नुपर्ने निधिको धारणा छ। "यो संस्कृति केन्द्रमा आदरणनीय नेता किसुन जीको सपना, तत्कालीन नगरप्रमुख साहको वेदना र मेरो चाहना जोडएको छ। विभिन्न आरोहअवरोहकाबीच आज करिब २३ वर्षपछि संस्कृति केन्द्र सञ्चालनमा आएको छ। यस कार्यले परिवारको सदस्यका रुपमा म निकै खुसी छु र यसको निर्माणमा योगदान गर्ने सबैप्रति आभार प्रकट गर्दछु", निधिको भनाइ थियो।

पूर्व नगरप्रमुख साहले पनि जनकपुरमा सुविधासम्पन्न आधुनिक सभाहल निर्माण गर्ने योजना बनाइरहेका बेला सङ्घीय सरकारले नै स्व नेता निधिको नाममा सभाहल बनाइदिने भनेपछि आफू त्यसमा सहमत भएको बताउनुभयो । "जनकपुरमा धार्मिक कार्यका लागि धेरै मानिस आउने, सभा सम्मेलन हुने तर यहाँ एउटा पनि आधुनिक सभाहल थिएन । त्यसैका लागि मैले पहल गरिरहेको थिए। संयोगवस उहाँले (निधिले) आफूलाई प्रधानमन्त्रीले भनेको कुरा सुनाउनुभयो । त्यसैका आधारमा नगरपालिकाले मेरै पालामा केन्द्र निर्माणका लागि होसियारीपूर्वक पचास कठ्ठा जग्गा दिने निर्णय गरेको हो। यो सभाहल निर्माण भएपछि म निक हर्षित छु।"

जनकपुरमा हुने ठूला कार्यक्रमलाई सहजता प्रदान गर्न र सभाहलबाहेक मिथिला संस्कृतिको संरक्षणका लागि केन्द्रले आफ्ना गतिविधि सञ्चालन गर्ने पवित्र उद्देश्यसहित निर्माणभएकाले यसको संरक्षण्का लागि सबै तहका सरकारले सहयोग गर्नुपर्ने पूर्व नगरप्रमुख साहको आग्रह छ । त्यसैगरी नेकपा (एमाले) नेत्री एवं प्रतिनिधिसभा सदस्य जुलीकुमारी महतो महासेठ नेपालको लोकतान्त्रिक आन्दोलनमा महात्त्वपूर्ण योगदान गर्नुभएका स्व नेता निधिको स्मृतिमा बनेको सभाहलले जनकपुरको पर्यटन विकासमा टेवा पुग्ने विश्वास गर्नुहुन्छ।

"ढिलै भए पनि हाम्रा अभिभावक स्व नेता निधिको स्मरणसभाहल बनेको छ। यसले जनकपुर क्षेत्रमा पर्यटन विकासका लागि टेवा पुग्नेछ। अब यसको सदुपयोग गर्न जरुरी छ", महतोले भन्नुभयो । मुख्यमन्त्री सरोजकुमार यादव पनि केन्द्रको निर्माण प्रादेशिक राजधानीका रुपमा रहेको जनकपुरधाममा आवश्यक सभा सम्मेलन र अन्य गतिविधि सञ्चालन गर्न सहज हुने बताउनुहुन्छ।

त्यसैगरी जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले मिथिला र मैथिली संसकृतिको विकास, ठूला सभा सम्मलेन आयोजना गर्न संस्कृति केन्द्रको निर्माणको विशेष महत्व रहेको र यसको संरक्षणका लागि उपमहानगरपालिका प्रतिबद्ध रहेको बताउनुभयो।

सहरी विकास मन्त्रालयको रु १२ करोड २४ लाख ७९ हजार तीन सय ४० (भ्याटबाहेक) लागतमा निर्माण सम्पन्न भएको भवन सवा दुई बिघा क्षेत्रफलमा फैलिएको छ। नवनिर्मित भवनमा पाँच सय ४० जना क्षमताको सभाहल, दुई सय जना अटाउने कन्फरेन्स हल छ भने परिसरभित्र पुस्तकालय भवन, सङ्ग्रहालय ब्लक, कम्पाउन्ड वाल, पार्किङ, सार्वजनिक शौचालय, क्यान्टिन ब्लकलगायतका संरचना रहेका छन्।

भवन निर्माण कार्य सम्पन्न भए पनि त्यसको स्वामित्वका विषयमा भने टुङ्गो लागिसकेको छैन । भवन स्थानीय तह वा प्रदेशमध्ये कुन निकायलाई जिम्मा लगाउने भन्नेबारे छलफल भइरहेको र टुङ्गो नलागुन्जेल सहरी विकास तथा भवन निर्माण विभाग, सङ्घीय आयोजना कार्यान्वयन एकाइ धनुषाको मातहत नै रहने आयोजना कार्यान्वयन एकाइ प्रमुख प्रदीप खनालले बताउनुभयो। रासस

## सूचनाको हकका अभियानकर्मीको राष्ट्रिय भेला राजधानीमा हुने

काठमाण्डु। सूचनाको हकका लागि राष्ट्रिय महासङ्घले पहिलो राष्ट्रिय सम्मेलन तथा महाधिवेशन राजधानीमा आयोजना गर्ने भएको छ।

सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तरराष्ट्रिय दिवसको अवसर पारेर यही असोज ११ र १२ गते राजधानीमा सम्मेलन आयोजना गर्न लागिएको हो। सम्मेलनमा ७७ जिल्ला, सबै प्रदेशका जिल्ला अध्यक्ष एवं प्रतिनिधि गरी चार सय जनाको सहभागिता रहने महासङ्घका अध्यक्ष उमिद बागचन्दले राससलाई जानकारी दिनुभयो।

पहिलो दिन चार विभिन्न विषयमा समूह छलफल गर्ने गरी सम्मेलन गरिने छ। 'सूचनामा आम नागरिकको पहुँच वृद्धि गर्न नागरिक समाज संस्था र सञ्चार क्षेत्रको भूमिका', 'अल्पसङ्ख्यक युवा, महिला र पिछडिएको वर्गको सूचनामा पहुँचको अवस्था र चुनौती' तथा 'सार्वजनिक निकायमा सूचनाको स्वत : प्रकाशनको अभ्यास, सूचना व्यवस्थापन र चुनौती' गरी तीन विषयमा समूह छलफल गरिने उहाँले बताउनुभयो।

छलफलमा संविधानविद् एवं सूचनाको हकको कानुनका मस्यौदाकार काशिराज दाहाल, राष्ट्रिय समावेशी आयोगका अध्यक्ष डा रामकृष्ण तिमल्सेना, राष्ट्रिय महिला आयोगका अध्यक्ष कमलाकुमारी पराजुली, राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त महेन्द्रमान गुरुङ, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव कृष्णबहादुर रावतलगायतका विज्ञको सहभागिता रहने जनाइएको छ। सम्मेलनको उद्घाटन भने सभामुख देवराज घिमिरेले गर्नुहुने भएको छ।

दोस्रो दिन अर्थात् असोज १२ गते महासङ्घले दुई वर्षका लागि नयाँ नेतृत्वको चयन गर्ने छ। विसं २०७८ फागुन २ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौँमा दर्ता भएको महासङ्घको पहिलो महाधिवेशन गर्न लागिएको हो। नयाँ कार्य समितिको अवधि दुई वर्षसम्म रहने व्यवस्था महासङ्घको विधानमा छ। रासस

# कोशी टप्पु पठाइए पुष्पा र अञ्जली



चितवन । चितवन राष्ट्रिय निकुञ्जबाट दुईवटा गैंडा पुष्पा र अञ्जली मंगलबार कोशी टप्पु वन्यजन्तु आरक्षमा पठाइएको छ। दुई गैंडालाई छुट्टाछुट्टै खोरमा राखेर कोशी पठाइएको हो।

निकुञ्जका सूचना अधिकारी गणेश तिवारीका अनुसार मंगलबार बिहान ११:३० बजे ती गैंडा खोरमा राखेर कोशी पठाइएको हो । गैंडालाई लिएर निकुञ्जका प्रमुख संरक्षण अधिकृत दिलबहादुर पुर्जा पुनको नेतृत्वमा भेटेरिनरी चिकित्सकसहितको टोली कोशी गएको छ । वरिष्ठ पशु चिकित्सक डा विजयकुमार श्रेष्ठको नेतृत्वमा भेटेरिनरी चिकित्सकको टोलीसमेत गैंडासँगै कोशी गएको छ।

कोशीमा प्राविधिक समितिले गरेको अध्ययनमा गैंडाका लागि बासस्थान उपयुक्त देखिएपछि गैंडा लगिएको हो । विभागका तत्कालीन उपमहानिर्देशक बेदकुमार ढकालको संयोजकत्वमा बनेको प्राविधिक समितिले त्यस विषयमा विस्तृत अध्ययन गरेपछि प्रतिवेदन बुझाएको थियो।

> निकुञ्जका प्रमुख संरक्षण अधिकृत दिलबहादुर पुर्जा पुनले उद्धार गरेर सौराहामा हुर्काएपछि गत वैशाख ३१ गते निकुञ्जको लामीताल क्षेत्रमा छाडिएका दुईवटा गैंडा कोशी पठाइएको बताउनुभयो । ती दुवै पोथी गैंडा हुन् । ती गैंडा तमासपुर र कुजौली क्षेत्रमा माउबाट छुटिएर अनाथ हुन पुगेको अवस्थामा अन्दाजी दुई र एक महिना उमेरमा उद्धार गरिएको थियो । तिनीहरूलाई पुष्पा र अञ्जली नामाकरण गरिएको छ । अहिले पुष्पा तीन वर्ष नौ महिना र अञ्जली दुई वर्ष छ महिनाका छन् । ती गैंडाले अहिले पनि मानव बस्तीमा आएर दुःख दिने गरेकाले पठाइएको हो ।


सुरुमा यहाँबाट लगिएका गैंडालाई खुल्ला खोरमा केही समय राखेपछि प्रकृतिमा छाडिने छ। कोशीको पथरी सेक्टर कार्यालय नजिकै आरक्ष सुरक्षार्थ सेनाको पोष्टनजिक गैंडा राखिँदैछ। प्रकृतिमा छाड्ने समयमा गैंडा थप गरिने छ।

केही वर्षअघि उक्त निकुञ्जमा १३ वटा अर्ना ल्याइएको थियो । तत्कालीन समयमा स्थानीयवासीले चितवनबाट आरक्षमा गैंडा ल्याउनुपर्ने माग गरेका थिए । सोहीअनुसार विभागले प्राविधिक समिति बनाएर अध्ययन थालिएको थियो।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत दिलबहादुर पुर्जा पुनले उद्धार गरेर सौराहामा हुर्काएपछि गत वैशाख ३१ गते निकुञ्जको लामीताल क्षेत्रमा छाडिएका दुईवटा गैंडा कोशी पठाइएको बताउनुभयो । ती दुवै पोथी गैंडा हुन्। ती गैंडा तमासपुर र कुजौली क्षेत्रमा माउबाट छुटिएर अनाथ हुन पुगेको अवस्थामा अन्दाजी दुई र एक महिना उमेरमा उद्धार गरिएको थियो । तिनीहरूलाई पुष्पा र अञ्जली नामाकरण गरिएको छ। अहिले पुष्पा तीन वर्ष नौ महिना र अञ्जली दुई वर्ष छ महिनाका छन् । ती गैंडाले अहिले पनि मानव बस्तीमा आएर दुःख दिने गरेकाले पठाइएको हो।

पछिल्लो गणनाअनुसार निकुञ्जमा छ सय ९४ गैंडा रहेको तथ्याङ्क छ । पछिल्लो गणनाका क्रममा यी गैंडा उद्धार गरेर ल्याइएकाले तथ्याङ्कमा समावेश गरिएको छैन । पछिल्लो गणनाअनुसार देशभर सात सय ५२ गैंडा रहेका छन् । हाल पठाउन लागिएका गैंडा हुर्किएपछि थप भाले पनि पठाएर प्रकृतिमा छोड्ने योजना बनाइएको छ । निकुञ्जबाट यसअघि बर्दिया, शुक्लाफाँटा र विदेशीलाई उपहारमा समेत गैंडा पठाइएको थियो । यस निकुञ्जबाट सन् १९८६ देखि गैंडा स्थानान्तरण गर्न थालिएको हो। सुरुआतमा तीन भाले र एक पोथी गैंडा पठाइएको थियो । सोही वर्ष डिसेम्बरमा पाँच भाले र चार पोथी गैंडा बर्दिया राष्ट्रिय निकुञ्ज पठाइएको सूचना अधिकारी तिवारीले जानकारी दिनुभयो।

उहाँका अनुसार सन् १९९१ मा २५, सन् १९९९ मा चार गैंडा बर्दिया राष्ट्रिय निकुञ्ज पठाइएको थियो। यस्तै सन् २००० मा २० वटा गैंडामध्ये १६ वटा बर्दिया राष्ट्रिय निकुञ्ज र चारवटा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पठाइएको थियो । सन् २००१ मा पाँच, सन् २००२ मा दस, सन् २००३ मा दस, सन् २०१६ मा पाँचवटा गैंडा बर्दिया राष्ट्रिय निकुञ्जमा पठाइएको थियो। यस्तै सन् २०१७ मा पाँचवटा शुक्लाफाँटा र तीनवटा बर्दिया राष्ट्रिय निकुञ्ज पठाइएको निकुञ्जको तथ्याङ्कमा उल्लेख छ। पठाइएकामध्ये ४५ भाले र ५५ वटा पोथी गैंडा थिए। रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# डाक्टर र बिरामीबीचको बढ्दो अविश्वास

हाम्रो कानुनले कुनै व्यक्तिमाथि गालीगलौज र अपशब्द बोल्नसमेत रोक लगाएको छ । हात हाल्ने, कुट्ने, पिट्ने र सांघातिक आक्रमण गर्नेलाई त फौजदारी मुद्दै लाग्छ । मानव सभ्यतासँगै समाजलाई मर्यादित र व्यवस्थित बनाउन अनि शान्ति सुरक्षा कायम राख्न कानुनतः यस्तो व्यवस्था गरिएको छ । तर दैनिक जसो अस्पतालका चिकित्सकमाथि सांघातिक आक्रमण हुनु र चिकित्सकहरुले आकस्मिकबाहेक सबै सेवा ठप्प हुने गरेका छन जो दुबै अशोभनीय र अमर्यादित छन् । उपचारका क्रममा चिकित्सकको लापरबाहीका कारण कुनै बिरामीको मृत्यु हुनुको पीडा परिवारलाई मात्र थाहा हुन्छ । तर लापरबाही भएको हो कि होइन भन्ने कुरा बिरामीका आफन्तले भन्ने होइन, त्यसको मेडिकल छानबिन हुनुपर्छ । यसका लागि मेडिकल काउन्सिल छ । सरकारी तथा अर्ध सरकारी निकायहरुप्रति विश्वास नभएकै कारण मृतकका आफन्तहरुले धैर्य गर्न नसकेको भन्न मिल्दैन । किनभने कुटपिट र त्यसमाथि सांघातिक आक्रमण त फौजदारी अपराध अन्तर्गत पर्छन् । चिकित्सकका लागि हजारौं बिरामी उनीहरुका 'पेसेन्ट' मात्र होइनन्, त्यो परिवारको लागि त सर्वस्व नै हुन्छ । तर उपचारका क्रममा सबैको उपचार सफल हुन्छ भन्ने पनि छैन । चिकित्सक र बिरामीका आफन्तबीचको अविश्वासको खाडल बढ्दो छ । प्रायःजसो उपचारका क्रममा बिरामीको मृत्यु हुँदा उनका आफन्तहरु तोडफोड र सांघातिक हमलामा उत्रन्छन्, यो दुःखद कुरा हो । मृतकका आफन्तलाई चिकित्सक वा अस्पतालको लापरबाहीले उपचारका क्रममा मृत्यु भएको हो भन्ने लागेमा गलत उपचार गर्ने वा लापरबाही गर्ने चिकित्सक वा अस्पतालउपर कारबाही हुन्छ । कुनै पनि बिरामीको उपचारका क्रममा कुनै पनि चिकित्सकले लापरबाही गर्नु हुँदैन । कुनचाहिं चिकित्सकले उपचार गर्दा आफ्नो बिरामीको छिटो निको होस् भन्ने चाहँदैन र ? तर समय, परिस्थिति र आफ्नो वशभन्दा बाहिरको अवस्थामा बिरामीको मृत्यु हुन सक्छ । त्यही भएर सामान्य शल्यक्रिया गराउँदा पनि बिरामीको आफन्तको मञ्जुरीनामा लिइन्छ । तर बिरामीका आफन्त र अस्पतालका डाक्टरहरुबीचको बढ्दो अविश्वास भने चिन्तनीय छ । यसले न बिरामी र उनका आफन्तलाई राम्रो गर्छ, न त चिकित्सकहरुलाई नै । अस्पतालका चिकित्सकको लापरबाही भन्ने आरोपउपर मेडिकल काउन्सिलले स्वतन्त्र छानिबन गर्नुपर्छ । गल्ती देखिएमा दण्ड दिनुपर्छ । कतिपय चिकित्सकको ज्ञान वा अनुभव अभावका कारण गलत उपचार गर्दा मृत्यु भएका पनि छन्, जिन्दगीभर स्वास्थ्य खराब भएर नारकीय जीवन व्यतीत गर्नुपरेका उदाहरण पनि छन् । यस्तोमा मेडिकल काउन्सिलले जिम्मेवार भएर छानबिन नगर्दा चिकित्सकमाथि सांघातिक आक्रमणका घटना हुन पुग्छन् । चिकित्सकहरु संगठित रुपमा हडतालमा उत्रिएका छन् । सरकारलाई दबाब दिन । बिरामीहरुले उपचार गर्न पाउने संवैधानिक र कानुनी हक उनीहरुले खोसेका छन् । हामीकहाँ हडतालै गर्नुपर्ने, आक्रमणनै गर्नुपर्ने नत्र सरकारी संयन्त्रले नसुन्ने प्रवृत्ति छ । त्यही प्रवृत्तिका कारण अविश्वास पैदा हुन्छ र कानुन हातमा लिने काम हुने गर्छ, जुन दुःखद हो । सम्बद्ध चिकित्सकको उपचार प्रक्रियाको छानबिन गर्ने, दोषी देखिएमा कारबाही गर्ने र चिकित्सकमाथि सांघातिक आक्रमण गर्नेलाई कानुनी दायरामा ल्याएर कानुनी राज्यको अनुभूति नदिलाएसम्म यस्ता घटनाहरुको पुनरावृत्ति भइरहन्छ । चिकित्सकहरुले तत्काल हडताल बन्द गरी काममा फर्कनुपर्छ । बिरामीले उपचार गर्न पाउनुपर्छ । चिकित्सकमाथि आक्रमण गर्नेलाई पनि कानुनी दायरामा ल्याउनुपर्छ । अनि गलत तवरले बिरामीको उपचार गरे/नगरेको छानबिन पनि हुनुपर्छ ।

# लोकतन्त्रको सार्थकता र ऐतिहासिक झल्को



सरोज भट्टराई

२००७ सालमा जहानियाँ राणाशाही व्यवस्था विस्थापित हुँदाको अवस्थामा नेपालमा जनतान्त्रिक निकाय तथा संस्थाहरूको सर्वदा अभाव थियो । राणाशासन पूर्वको परम्परागत राज्य प्रणाली पनि ध्वस्त भइसकेको अवस्था थियो । नेपाल-ब्रिटिस युद्ध (१८१४-१६) हुँदाको समयसम्म नेपालको राज्यव्यवस्था परम्परागत 'सामन्ती' व्यवस्थामा आधारित थियो । राजाको भारदारी सभामा 'मुख्तियार' प्रमुख शासक रहन्थे र भारदारी सभामा सैनिक तथा कुलीन (काजी, जमिन्दार, तालुकदार) आदि सदस्य रहने गर्थे । गाउँहरूमा केन्द्रीय सरकारका प्रतिनिधिहरू, प्रशासक, कर सङ्कलक तथा विचारी (न्यायाधीश) का रूपमा नियुक्ति हुन्थे । राणाशाहीको उदयले भारदारी सभालाई 'जहानियाँ' प्रणालीमा रूपान्तरण गर्यो । कुलीनहरू पनि राणाकै रैति नै मानिन्थे र 'बिर्ता वा जागिर' प्रणालीका आधारमा स्थानीय जनताहरू कुलीनहरूका ' अधीनस्त रैतीहरू' मानिन्थे । राणाशाहीमा राणाहरू सर्वोच्च 'वंश' (ऋबिल) का रूपमा पनि रहेका थिए । 'राजतन्त्र' राणाशाहीकै अधीनमा थियो । सत्ताधारी राणा र उनीहरूका अधिनस्त जमिन्दारको संयुक्त स्वरूप नेपालमा जनविरोधी वर्गका रूपमा खडा भयो । त्यसरी नेपालमा जहानियाँ सामन्तवाद कायम रह्यो, जसलाई कतिपयले 'अर्धसामन्तवाद' भनी ढाँटशास्त्र (स्युडो नोलेज) को प्रयोजन गरेका छन् ।

त्यस परिदृश्यमा राज्य आधुनिक प्रशासनिक ढङ्गबाट शून्य अवस्थामा थियो । भारतमा सन् १९१९ पछाडि ब्रिटिस उदारवादी राज्य प्रणालीका संयन्त्रहरू आयात भइरहेका थिए । सन् १८५७ को विद्रोह (पुलिस म्युटिनी भनेर भनिन्छ) पछाडि, १८५९ मा ब्रिटिस संसदमा ऐन पारित गरी 'बेलायती साम्राज्यले भारतलाई इष्ट इण्डिया कम्पनीको अधीनबाट झिकी 'ब्रिटिस सार्वभौम अधीनमा स्थानान्तरण गर्यो ।' गभर्मेन्ट अफ इण्डिया एक्ट, १९५८ अन्तर्गत भारतको प्रशासनका लागि गभर्नर सरहको 'भाइस-रोय' पदको सिर्जना गरियो । यस्तो भाइस-रोय भारतमा ब्रिटिस राजसंस्थाको प्रतिनिधिका रूपमा रहने व्यवस्था गरिएको थियो । उसको अध्यक्षतामा एउटा 'कार्यकारी परिषद्' रहन्थ्यो, र त्यसका सदस्यहरू कुनै विभागका प्रमुख प्रशासकका रूपमा रहन्थे । 'व्यवस्थापिका परिषद्' नामको संस्था पनि खडा गरिएको थियो तर त्यसलाई स्वतन्त्र व्यवस्थापीकीय अख्तियार दिइएको थिएन । यो एक किसिमको सल्लाहकार निकायका रूपमा रहेको थियो ।

सन् १९१९ मा 'अर्को गभर्मेन्ट अफ इन्डिया एक्ट' आयो । यो गभर्मेन्ट एक्ट अफ इन्डिया 'इडि्वन मोन्टागु' को इण्डियन राज्यको शासन सुधार प्रतिवेदनमा आधारित थियो । यस ऐनले 'प्रदेश सभाको' व्यवस्था गर्यो । यस सभामा लगभग ७० प्रतिशत सदस्यहरू निर्वाचित हुन्थे । निर्वाचन क्षेत्र ' जात र वर्ग' मा आधारित थिए । केही सीमित सर्ु याका महिलाहरूलाई मात्र मतदानको अधिकार थियो । केन्द्रमा भाइसरोय कार्यकारी प्रमुखका रूपमा रहेको थियो र 'दुई सदनको व्यवस्थापिका' को व्यवस्था थियो 'लेजिस्लेटिभ एसेम्बली र स्टेट काउन्सिल' । तर, बालिग मताधिकारलाई मान्यता थिएन । वार्षिक ३००० मालपोत तिर्ने व्यक्तिहरूले मतदान गर्न पाउँथे । केही खास पदवी पाएका स्थानीय निकायमा कार्यरत कुलीनहरू मात्र मतदाता हुन्थे । यसरी भारतमा कायम रहेको उपनिवेशी व्यवस्थाबाट दक्षिण एसियामा 'कुलीन तन्त्रीय लोकतन्त्र' को उदय भयो । यो व्यवस्था सुधारका बहानामा ब्रिटिस उपनिवेशी शासनको अझ निरङ्कुशता कायम गर्ने नियत प्रेरित थियो । भाइस रोयका कार्यकारिणी परिषदमा आठजना रहन्थे, जसमध्ये तीनजना ' इन्डियन' रहन्थे । ब्रिटिस गभर्नर जनरल वा भाइस रोयलाई अध्यादेश जारी गर्ने अख्तियार थियो । 'त्यो लेजिस्लेटिभ एसेम्ब्ली' देखावटी मात्र थियो । १४५ सदस्यहरू मध्ये, ४१ जना भाइस रोयले मनोनित गर्थ्यो । बाँकी १०४ निर्वाचित हुन्थे । आइभर जेनिङ्गसले लेखेको नेपालको पञ्चायती संविधान यसैको फोटोकपी थियो । ३० जना मुस्लिम र ९ जना युरोपेली, २ जना शीखहरू रहन्थे । ७ जना जमिन्दारहरू रहन्थे ।

न्यायपालिका पूर्ण रूपमा ब्रिटिस ढाँचामा खडा गरिएको थियो र 'कार्यपालिका' गभर्नर को मातहतमा ब्रिटिस प्रणाली क्रियाशील थियो । ब्रिटिसराजसँग निकट सम्बन्ध राखेको राणाशाही आफ्नो 'जहानियाँ प्रभुत्व' कायम राख्न ब्रिटिस प्रणालीलाई नेपालमा प्रवेश गर्न दिने पक्षमा थिएन । अतः मोन्टागु-क्लेम्सफोर्ड सुधार समितिका सिफारिसमा गरिएका माथिका सुधारहरूले राणाहशाहीलाई प्रभावित गर्न सकेनन् । ब्रिटिसराजले नेपाली युवा र जङ्गलमा अधीन प्राप्त गरेको थियो । त्यसैले नेपालमा आफ्नो राजनीति लागु नगरी जहानियाँ शासनलाई रहन दियो ।

२००७ साल पछाडि नेपालमा नेपाली कांग्रेससहितको सरकार गठन भयो । तर, नेपाली कांग्रेसले पनि ब्रिटिस प्रणाली बाहेक अर्को विकल्प देखेन । नेपाली कांग्रेसका अधिकांश नेताले देखेको राजनीतिक व्यवस्था भनेको 'मन्टागु-क्लेमफोर्ड' समितिको सिफारिसमा निर्माण भएको 'गभर्मेन्ट एक्ट अफ इन्डिया' ले व्यवस्था गरेको अपभ्रंश भएको बेलायती उदारवादी व्यवस्था थियो । तसर्थ २००७ सालको अन्तरिम संविधान यसकै प्रतिलिपिका रूपमा विचार शून्य दस्तावेजका रूपमा आयो । त्यसले सोभियत युनियन तथा पूर्वी युरोप, फ्रान्स अमेरिका र चिनियाँ ढाँचाले उपलब्ध गराएका नयाँ विकल्पहरूप्रति पनि कुनै ध्यान दिएन । नेपाल सिधै विकृत बेलायती परम्परावादी उदारवादको ढोकाभित्र प्रवेश गर्यो र आजसम्म पनि त्यसबाट निस्कन सकेको छैन ।

२००७ साल पछिको राजनीतिक रूपान्तरणको प्रक्रियालाई समाजवादी ढाँचामा विकास गर्ने सोच विपी कोइरालाको थियो भन्ने कुरा 'उनले चिनियाँ सरकारसँग मागेको सहयोग र उनको समाजवादी दृष्टिकोणबाट देख्न सकिन्छ । तर, नेपाली कांग्रेसभित्र समाजवाद विरोधी मानिसहरूको प्रभाव रह्यो, त्यसैले नेपाली कांग्रेसभित्र भारतीय हस्तक्षेप व्यापक रह्यो । परिणामस्वरूप २०१५ को नेपाल अधिराज्यको संविधानले पनि नेपालको सामाजिक लोकतन्त्र वा जनतन्त्रप्रतिको गन्तव्य स्थापित गरेन । २०१५ सालको संसदीय व्यवस्थालाई २०१७ सालको निर्दलीय पञ्चायती व्यवस्थाले विसर्जन गरिदियो । सन् १९३५ पछाडि चिनियाँ कम्युनिष्ट पार्टीले 'रसियन बोल्सेभिक ढाँचालाई अस्वीकार गर्दै 'नयाँ जनवाद' को अवधारणा अगाडि सार्यो । उसले चीनका सबै लोकतान्त्रिक राजनीतिक शक्तिसँगको सहकार्य आवश्यक देख्यो । 'नयाँ जनवाद' को ढाँचा एउटा महत्वपूर्ण तत्व 'चिनियाँ जनताको राजनीतिक परामर्श सम्मेलन (सीपीपीसीसी) थियो, जसले समाजवाद निर्माणको प्रक्रियामा राष्ट्रिय एकता निर्माणको भूमिका खेल्थ्यो, सबै राजनीतिक शक्तिको सहभागिता सुनिश्चित गर्थ्यो, विकास र राष्ट्रिय सुरक्षाका सम्बन्धमा । तर, नेपालको सन् १९५९ को संविधानले 'नेपालमा बाहुन क्षेत्री' मात्र छन्, बाँकी सबै दास हुन भन्ने ठानेछ । त्यसैले यो संविधान भारतको संघीय ढाँचाबाट अगाडि बढ्यो ।

राजा महेन्द्रले नेपालको अर्थतन्त्रलाई स्वनिर्भर बनाउने प्रेरणा चिनियाँ नेताहरूबाट पाएका थिए भन्ने कुरामा विवाद छैन । उनको चीन भ्रमणमा माओ र चाओ एनलाईले 'आधारभूत उद्योग निर्माण गर्न र भूमिसुधार लागू गर्ने सल्लाह दिए' । त्यही सल्लाह बमोजिम उनले युगोस्लाभियन मोडल अध्ययन गर्न विज्ञहरू पठाई अध्ययन गराए र नेपालको अर्थतन्त्रको मोडेल तयार पारे भन्ने अनुभवहरू पुराना विज्ञ जानकारहरू बताउँछन् । उनले लागू गरेको व्यवस्थामा समाजवादी ढाँचातर्फ अगाडि बढ्ने 'लोक कल्याणकारी ढाँचा' जस्तो बन्यो । यसैकारण उनको योजनामाः

क) पूर्वाधार निर्माणमा राष्ट्रिय निर्माण कम्पनी मार्फत् निर्माण कार्य गर्ने र भौतिक निर्माणमा राज्यको भूमिका सर्वदा महत्वपूर्ण रहने व्यवस्था भयो ।


ख) व्यापार र उद्योगमा सार्वजनिक क्षेत्रको नेतृत्व कायम गरियो । गरिब र सर्वसाधारणले उपभोग गर्ने वस्तुहरूको व्यवस्था नेशनल ट्रेडिङ्ग लिमिटेड साल्ट ट्रेडिङ्ग लिमिटेडले आपूर्ति गर्थे । यी दुवै कम्पनीले जनतालाई सुपथ मूल्यमा सामानहरू उपलब्ध गराउँथे ।

ग) जमिनमा जमिन्दारी प्रथा समाप्त गरी जग्गा मालिकको स्वामित्व र कमाउनेको भोगाधिकार कायम गर्दै भूमिसुधार लागू गरियो । हदबन्दीको व्यवस्थाद्वारा जमिन्दारी प्रथाको अन्त्य गरिएको थियो ।

घ) शिक्षा र स्वास्थ्यमा राज्यको जिम्मेवारी कायम गरिएको थियो ।

ङ) आवधिक पञ्चवर्षीय योजना लागू गरियो र चरणबद्ध विकासको ढाँचा प्रयोगमा आयो । यस रणनीतिले औद्योगीकरणमा ठूलो सफलता प्राप्त गर्न सकेको थियो । सन् १९६० देखि १९८६ सम्म आइपुग्दा नेपालमा ११ वटा औद्योगिक क्षेत्रहरू क्रियाशील थिए । सबै औद्योगिक क्षेत्रमा ६११ वटा औद्योगिक प्रतिष्ठानहरू संचालनमा थिए । सन् १९९०-९१ मा औद्योगिक वृद्धिदर १५.०५% रहेको थियो । जब १९९४-९४ बाट नवउदारवाद लागू भयो र 'निजीकरण' को भूत 'नेपाली कांग्रेसले' छोडिदियो, औद्योगिक वृद्धिदर यो १९९५-९७ ताका ८.२९% मा झर्यो । सन् २००५/६ मा आइपुग्दा २% मा झर्यो । सन् २०१५-१६ आइपुग्दा यो वृद्धिदर ऋणात्मक (माइनस) मा झर्यो । उद्योगको संख्या लगभग १९०० पुगेको र औद्योगिक वृद्धिदर ९.१७% रहेको अहिले दाबी गरिने गरिन्छ । तर, यथार्थमा यी उद्योग भनेका 'कम्पनी कार्यालयमा दर्ता रहेका निजी स्कुल र कलेज' हुन् भनी थाह पाउन गाह्रो छैन । यति धेरै उद्योगहरू खुलेको भए, आयात १७ खब र निर्यात २ खर्ब हुनुपर्ने कारण छैन ।

यसरी नेपालले विगतमा सार्वजनिक वित्त व्यवस्था र निर्यातमूलक आर्थिक विकासमा राम्रो प्रगति गर्यो तर राजनीतिक स्वतन्त्रतामा निषेध गरिएबाट जनताको विद्रोह जन्मियो ।



सन् १९९२ बाट हटाथ नवउदारवाद लागू गरियो । त्यसले वित्तपुँजीवादलाई 'निजीकरणका रूपमा भित्र्यायो ।' सन् १९९० को परिवर्तनले जनतालाई राजनीतिक स्वतन्त्रता प्रदान गर्यो तर यस परिवर्तनले 'औद्योगीकरण, कृषि उत्पादन र पूर्वाधार निर्माणका कार्यमा राज्यको दायित्व विसर्जन गर्यो र भ्रष्टाचारलाई राजनीतिको चरित्र बनायो । राजनीति कमाउने धन्दाका रूपमा परिणत भयो ।

नेपाली जनताले चाहेको लोकतन्त्र, 'राजनीतिमा समावेशी जनतन्त्र र अर्थतन्त्रमा' सामूहिकीकरण, राज्यको नेतृत्व, र सार्वजनिक अर्थतन्त्रको नेतृत्व नै हो । राजनीतिक स्वतन्त्रता र समाजवाद उन्मुख आर्थिक रूपान्तरणलाई साथसाथै हिँडाउने 'राजनीतिक व्यवस्थाको विकल्प छैन" र यस्तो व्यवस्था भनेको सामाजिक लोकतन्त्र नै हो । तर, आज नेपालमा राजनीतिक दलहरूले निर्माण गरेको व्यवस्था 'ठालुतन्त्र तथा वित्तपुँजीवाद' मा परिणत भएको कुरामा विवाद छैन । आज देशले भोगिरहेको राजनीतिक अराजकता र वित्तीय मन्दी यिनै दुई वटा अपभ्रंशका परिणाम हुन् । राज्यको व्यवस्थापनमा विदेशी हस्तक्षेप नियति बन्न पुगेको छ र अर्थतन्त्रमा लुटतन्त्र (केल्पटोक्र्याटिक ओलीगार्की) स्थापित भएको छ ।

# नोकरशाही व्यवस्थाको दलदलमा नेपाल



अशोक अर्याल

सामाजिक विकास र सांस्कृतिक पृष्ठभूमिलाई पर सारेर देशको राजनीतिलाई बुझ्नु हुँदैन। समाजको संरचना र सांस्कृतिक मूल्य मान्यताले निर्माण गरेको मनोविज्ञानले नै मानिसका राज्य र राजनीतिलाई हेर्ने अवधारणा निर्माण गर्दछन् । नेपालको राजनीति स्वाभाविक रुपमा यसबाट पृथक हुन सक्दैन्। हाम्रो इतिहास कस्तो छ ?

राज्य शाषकको बिर्ता हो भन्ने कुरा इतिहासमा गहिरो मनोविज्ञानको रुपमा रहेको छ। यही मनोविज्ञान वर्तमान राजनीतिमा पनि छ। त्यसैले यस्तो राजनीतिले हैसियत निर्माणलाई लक्ष्य मान्दछ। यस मनोविज्ञानले जुनसुकै वादमा नेता र जनताका बीचमा मालिक र नोकरको सम्बन्ध स्थापित गर्द्छ। यस अर्थमा नेपाली राजनीति सुधारवादी राजनीतिसम्म पनि होइन। यो नितान्त ब्युरोक्र्याटिक वा नोकरशाही व्यवस्था मात्र हो। यस्तो राजनीतिले सधैँ समाजको विभाजनलाई प्रोत्साहित गर्दछ।

१.बलपूर्वक मृत-स्थायित्व लादनु यस्को लक्ष्य हुन्छ। अङ्ग्रेजीमा यस्लाइ चभनचभककष्खभ कतबतगक-त्रगय भनिन्छ। हैसियत वा स्ट्याट्सलाई स्थापित गर्न यस्ले कानुनको भर्पुर सहयोग लिन्छ। यसले छद्म रणनीति अवलम्बन गर्दछ । जस्तैः गुटबन्दी द्वारा समूहको शक्ति आफ्नो हातमा राख्दछ। राज्यका पदमा आफ्नो एकलौटी अधिकार स्थापित गर्दछ, र तेस्कालागि राज्यको शक्ति र पैसा दुवै प्रयोग गर्दछ। विगतको अमेरिकी राजनीति यस्को ज्वलन्त उदाहरण हो। अहिले नेपालमा पनि तेहि नै हो।

२. कथित बौद्दिकहरु यस रोगका सिकार भएका हुन्छ्न। यिनीहरु जे भैरहेको छ त्यो कुनै मानिसको दुर्गुणको कारणले भैरहेको हो भन्ने ठान्छन् । त्यो केवल भ्रम मात्र हो। यो नोकरशाही राजनीतिलाई स्थापित गरी राज्य दोहन गर्ने नीतिगत योजनाबाट नियोजित रुपमा भैरहेको हुन्छ। तेसैले राम्रो होस् भन्ने कोरा रोदनले नेपाल परिवर्तन हुँदैन।

३. ढाँट्नु, ठग्नु, लुट्नु र अपराध गर्नु नोकरशाहीतन्त्रका रणनीति हुन। तेसैले जिते पछि यो गर्छु, त्यो गर्छु भनेर हरेक व्यक्तिले आफूलाई नैतिक र इमान्दार प्रमाणित गर्ने प्रयास गरिरहेको हुन्छ। उ आफ्ना मानिसबाट माला पहिराउन लगाउँछ। अन्यथा निर्वाचनसङ्ग मालाको सम्बन्ध के हुन्छ? उ त विकासको योजनासङ्ग मात्र सम्बन्धित रहनु पर्ने हो।

४. नो करशाहीतन्त्रमा विदेशी गठजोड पनि गाँसिएको हुन्छ। नेतालाई सत्ता र विदेशीलाई प्र भु त्व चाहिएको हुन्छ। नोकरशाहीतन्त्रको बौद्धिकताले कोरा देशभक्तिको कुरा त गर्छ तर त्यो भावनामा लिन हुन्छ र आफ्नो स्वार्थबाट प्रेरित हुन्छ। यो एकै छिनमा क्रान्तिकारी हुन्छ अनि एकै छिनमा कसैको चाकरी गरिरहेको हुन्छ।

५. अहिले नेपाल अरु देश जस्तै सामन्तबादी नोकरशाहीतन्त्रबाट बाहिर आउने चाहाना र तेस्को विरुद्ध परिवर्तन विरो धीका घेराबन्दीबीचको संघर्षमा अलमलिएको छ। एउटा सुदृढ बौधिद्क क्रान्तिबाट खारिएको वैचारिक क्रान्तिबाट मात्र देशलाई जोगाउन सकिन्छ। अब देशभक्ति र विकासलाई जोड्ने नयाँ विचारको निर्माण हुनै पर्छ। वस्तुगत एवं प्रयोजनवादी विकासको ढांचाले आम जनताको दुइटा सक्षमता निर्माणको लक्ष्य बोकेको हुन्छ।



- प्रत्येक व्यक्तिको उत्पादकत्व निर्माण गर्न उसलाई उन्नत शिक्षाको प्रवन्ध गर्नु पर्छ। तर हाम्रो राजनीति केवल रेल र भत्ताको कुरा गर्छ। नेपाली सांस्कृतिक मान्यताको समेत सन्दर्भमा नेपाली विकास ढांचाले परिवारलाई उत्पादनको एकाई बनाउनु पर्छ। यस्को तात्पर्य हो कृषि विकासको पहिलो प्राथमिकता हो। तर नोकरशाही राजनीतिका वाहकहरु केवल सहर केन्द्रित संरचनाका कुरा गर्छन्। किनभने यस्ता विकास योजनामा भ्रस्टाचार गर्न सहज हुन्छ।

- उर्जा प्राथमिक विकास एजेन्डा हो। तर यसलाई सुन जस्तो महङ्गो बनाइएको हुन्छ। भ्रस्टाचारका लागि यो प्रयोग हुन्छ। त्यसैले खोलाहरु नेता र माफियाको अधिनमा हुन्छन्। आम जनता पुग्ने विकासले आम चेतनाको निर्माण गर्छ। त्यसैले नोकरशाहीतन्त्रमा शिक्षा र कृषिलाई ध्वस्त पारिएको हुन्छ। शिक्षा निजीकरणको योजना र औधोगिक प्रतिस्ठानहरु लिलाम गर्ने योजना यसैकारण ल्याइएको थियो।

- भौतिक संरचनाको निर्माण उदेद्श्य होइन वा साध्य होइन साधन मात्र हो। मानिसको सुरक्षा र मर्यादाको निर्माण विकासको साध्य हो। नेतृत्व यसो गर्न चाहँदैन। त्यसैले नेपालको विकास दिग्भ्रमित पारिएको छ। अब नेपाललाई नयाँ युगमा प्रक्षेपित गर्न नयाँ विचारको निर्माण गर्नु आवश्यक छ। युवाहरुले नेतृत्व लिनु पर्छ। तेसैले अब कुनै पनि ब्यक्तिले पद ओगट्ने तन्त्र ध्वस्त पार्नै पर्छ।

# समितिद्वारा सार्वजनिक सेवा प्रसारण विधेयकबारे विज्ञसँग परामर्श



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सार्वजनिक सञ्चार माध्यमलाई जनताप्रति जवाफदेही र उत्तरदायी तुल्याउन सार्वजनिक सेवा प्रसारणसम्बन्धी विधेयक अघि बढाइएको बताउनुभएको छ ।

प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिमा सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानूनलाई सशोधान र एकीकरण गर्न बनेको विधेयकमाथि शुरु भएको छलफलमा उहाँले सार्वजनिक सञ्चारमाध्यम सरकारको गुणगान गर्ने संस्थाकारूपमा मात्र सीमित हुन नहुने धारणा राख्नुभयो ।

मन्त्री शर्माले भन्नुभयो, “सञ्चार माध्यम भजन मण्डली होइन, जनताप्रति उत्तरदायी बनून् भन्ने सरकारको ध्येय हो । विधेयक तर्जूमाको समयभन्दा अहिले परिस्थिति धेरै परिवर्तन भएको छ, त्यही अनुरुप परिमार्जन गर्दै लैजानुपर्छ ।”

सरकारले रेडियो नेपाल र नेपाल टेलिभिजनलाई राष्ट्रिय सार्वजनिक सेवा प्रसारणका रूपमा रुपान्तरण गरी लोकतान्त्रिक मूल्य, मान्यता र स्वतन्त्र पत्रकारिताको मर्मलाई आत्मसात गर्दै स्वच्छ, निष्पक्ष र जनताप्रति उत्तरदायी रूपमा सञ्चालनको उद्देश्य राखि कानून निर्माण अघि बढाएको हो ।

मन्त्रालयका सचिव कृष्णबहादुर राउतले रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकै ठाँउमा राखेर सार्वजनिक सेवा प्रसारणको अवधारणाअनुसार लामो छलफल र बहसपछि सदनमा प्रवेश पाएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “संविधानले प्रत्याभूत गरेको सूचनाको हक तथा विचार र अभिव्यक्ति स्वतन्त्रता सूनिश्चित गर्न सार्वजनिक प्रशारणसम्वन्धी नयाँ कानून निर्माणका लागि मस्यौदा गरिएको हो ।” दुवै संस्थालाई सार्वजनिक सेवा प्रसारणकारूपमा रुपान्तरण गरी सुदृढ, सवल र सशक्त बनाएर नागरिकलाई सुसुचित गराउन सकिने सरकारको दृष्टिकोण रही आएको छ ।

विषय विज्ञकातर्फबाट राष्ट्रिय समाचार समिति(रासस)का अध्यक्ष धमेन्द्र झाले सरकार आफैले मिडिया चलाउने भन्दा जनताको सहभागिता र निगरानी चाहिन्छ भन्ने आवाज उठिरहेको बताउनुभयो । उहाले सैद्धान्तिक भन्दा पनि रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकै ठाउँमा राखेर चलाऔं भन्ने उद्देश्यबाट विधेयकको मस्यौदा भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “दुवै संस्थाबीच मर्ज नभएर रुपान्तरण गरिने हुँदा कर्मचारी व्यवस्थापन, सञ्चालनका लागि आर्थिक सुनिश्चिता, पहुँच विस्तारकासाथै स्वायत्तता, तटस्थ र समावेशीको पाटोलाई पनि ध्यान दिनु उत्तिकै जरुरी छ ।” प्रस्तावित संस्थाले निजी क्षेत्रलाई नभई सञ्चालनमा रहेका सरकारी संस्थाको व्यवस्थापन गर्ने स्पष्ट पार्दै अध्यक्ष झाले सूचना र शिक्षा निर्वाधरूपमा जनतामा पुर्‍याउने राज्यको दायित्व भएको बताउनुभयो । उहाँले विधेयकलाई छलफलमा मात्र सीमित नबनाइ यथाशीघ्र निष्कर्षमा पुर्‍याउन सुझाव दिनुभयो ।

विज्ञ नेपाल टेलिभिजनका पूर्वअध्यक्ष डा महेन्द्र विष्टले सार्वजनिक प्रसारण संस्था स्थापनाको मुख्य उद्देश्य रहेको विधेयकमा रेडियो नेपाल र नेपाल टेलिभिजनलाई रुपान्तरण गर्ने मुख्य लक्ष्य समेटिएको बताउनुभयो । उहाँले भन्नुभयो, “विधेयकको प्रस्तावनामा स्पष्टता, संस्थाको नाममा पुनःविचार, संस्थागत स्वायत्तता र कार्य जिम्मेवारीबारे पनि पुनरावलोकन हुनुपर्छ । पदाधिकारीको नियुक्ति र बजेटको पाटोमा विशेष ख्याल पुर्‍याउनुपर्छ ।”

बैठकमा सदस्यहरू बद्री पाण्डे, सुमना श्रेष्ठ, विद्या भट्टराई, डा तोसिमा कार्की, शम्भु हजरा, दीपा शर्मा, छवीलाल विश्वकर्मा, डा चन्द्र भण्डारीलगायतले सार्वजनिक सेवा प्रसारण संस्थालाई राजनीति हस्तक्षेपबाट मुक्तका साथै सूचनाको पहुँच विस्तार गरी जनमत बढाउन साझा संस्थाका रूपमा अघि बढाउनु पर्ने खाँचो औल्याउनुभयो ।

कुन सूचना आधिकारिक हो ? भन्नका लागि सरकार मातहत नै एउटा सार्वजनिक प्रसारण सेवा आवश्यक रहेको बताउदै उहाँहरूले पत्रकारिता बहुपक्षीय र निष्पक्ष हुन जरुरी रहेको धारणा राख्नुभयो ।

समिति सदस्यहरूले अझै पनि धेरै नागरिक सूचनाको पहुँचबाट टाढै रहेकाले पहुँच विस्तारसगै स्वच्छ, स्वतन्त्र र निष्पक्ष सूचना प्रवाहको सुनिश्चित गर्नु पर्ने विचार प्रकट गर्नुभयो । तीस वटा दफा रहेको विधेयकमा सार्वजनिक सेवा प्रसारण संस्थाको कोषमा सङ्घ, प्रदेश र स्थानीय तहबाट प्राप्त अनुदान, विदेशी सरकार वा विदेशी सङ्घ संस्थाबाट प्राप्त हुने र संस्थाको आम्दानीबाट प्राप्त रकम जम्मा हुने व्यवस्थाका लागि प्रस्ताव गरिएको छ ।रासस


**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**

**मधेश प्रदेश, जनकपुरधाम**

**करार सेवामा आवश्यक जनशक्ति भर्ना सम्बन्धी सूचना**

यस प्रतिष्ठानको सूचना नं. ०१/०८०/८१ बाट यस प्रतिष्ठानद्वारा संचालित प्रादेशिक अस्पताल, जनकपुरधाममा रिक्त स्थायी दरबन्दीको पद करार सेवामा तथा सूचना नं.०२/०८०/८१ बाट यस प्रतिष्ठानमा करार सेवामा आवश्यक जनशक्ति पदपूर्ति गर्नुपर्ने भएकोले विभिन्न पदको लागि विज्ञापन प्रकाशित गरिएको छ। यस सम्बन्धमा विस्तृत जानकारीको लागि यस प्रतिष्ठानकोWebsite:www.mihs.edu.np मा हेर्नु हुन् अनुरोध छ।

**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**


## प्रधानमन्त्रीको चीन भ्रमण

# अन्तरदेशीय पूर्वाधार निर्माणलाई तीव्र गतिमा अघि बढाउने प्रतिबद्धता

बेइजिङ । नेपाल र चीनबीच अन्तरदेशीय विकास पूर्वाधार निर्माणलगायत द्विपक्षीय सहकार्य र साझेदारी गर्ने सहमति भएको छ । चीनको भ्रमणमा रहनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ र उहाँका चिनियाँ समकक्षी लि छ्याङबीच प्रतिनिधिमण्डलस्तरीय वार्तापछि जारी संयुक्त वक्तव्यमा व्यापार प्रवर्द्धन तथा सहजीकरण, कूटनीतिक सम्बन्ध विस्तार तथा क्षेत्रीय सहयोगका लागि सहकार्य गर्ने विषयमा सहमति भएको हो ।

वक्तव्यमा दुई देशबीचको सम्बन्ध, आपसी हितका लागि सहकार्य तथा क्षेत्रीय र अन्तर्राष्ट्रिय विषयमाथि सहकार्य गर्ने विषयमा छलफल भएको र केही महत्वपूर्ण सहमति जुटेको उल्लेख छ ।

प्रधानमन्त्री दाहालको भ्रमणका क्रममा नेपालले चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी)को २०औँ राष्ट्रिय कंग्रेसको सफलताका लागि नेपालले बधाइ ज्ञापन गरेको छ । चीनले पछिल्ला वर्षहरूमा गरेको आर्थिक तथा सामाजिक विकासको प्रशंसा गर्दै नेपालले थप समृद्धिका लागि कामना गरेको छ ।

चिनियाँ पक्षले नेपालले गतवर्ष सम्पन्न गरेको तीन तहको निर्वाचन र त्यसपछिको नयाँ सरकार गठनका लागि बधाई ज्ञापन गर्दै चाँडै विकास र समृद्धिको लक्ष्य हासिल गर्नेमा विश्वास व्यक्त गरेको छ ।

चीनका राष्ट्रपति सी चिनफिङको सन् २०१९ को नेपाल भ्रमणका क्रममा भएका द्विपक्षीय सहमति तथा सम्बन्ध विकास र समृद्धिका लागि लामो समयको मित्रतासहितको रणनीतिक साझेदारीबारे दुवै पक्षले स्मरण गरेको छन् । द्विपक्षीय सम्बन्धलाई कायम राख्ने, पारस्पारिक विश्वास अभिवृद्धि, दुई देशबीच सबै तहमा सहयोग आदान-प्रदान तथा विस्तार गर्ने प्रतिबद्धता दुवै देशले दोहोर्‍याएका छन् ।

सन् १९५५ मा नेपाल र चीनबीच कुटनीतिक सम्बन्ध स्थापना भएयता विभिन्न अन्तर्राष्ट्रिय परिस्थितिको सामना गर्दै आपसी सम्मान, समानता, ऐक्यवद्धता र पारस्पारिक सहयोगको भावनालाई दुवै देशले निरन्तरता दिँदै आएका छन् । नेपाल-चीन सम्बन्ध फरक भौगोलिक आकार र सामाजिक प्रणाली भए पनि आपसी मैत्री उत्कृष्ट उदाहरणका रूपमा रहेको संयुक्त वक्तव्यमा उल्लेख छ ।

शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्त (पञ्चशील), संयुक्त राष्ट्र सङ्घको वडापत्र, दुई देशबीच भएका सहमतिलाई कार्यान्वयन गर्न दुवै देश सहमत भएका छन् । दुई देशबीचको रणनीतिक सञ्चारलाई बलियो बनाउने, चीनले अघि बढाएको ‘बेल्ट एन्ड रोड इनिसिएटिभ’ (बिआरआई)मा सहकार्य गर्ने, क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय चासोका साझा विषयमा समन्वय गर्न दुवै देश सहमत भएका छन् ।

नेपालले ‘एक चीन नीति’प्रतिको आफ्नो प्रतिवद्धता पुनः दोहोर्‍याएको छ । त्यस्तै, ताइवान चीनकै भू-भाग भएको नेपालले आफ्नो धारणा स्पष्ट पारेको पनि संयुक्त वक्तव्यमा उल्लेख छ । “नेपाल ताइवान स्वतन्त्रताको विरुद्धमा छ । तिब्बत चीनको आन्तरिक मामला रहेको र नेपाली भूमिमा चीनविरुद्ध कुनै पनि पृथकतावादी गतिविधि हुन नदिने प्रतिवद्धता नेपाल जनाउँदछ”, संयुक्त वक्तव्यमा भनिएको छ । त्यस्तै, चिनियाँ पक्षले मित्रता, इमानदारी, पारस्परिक लाभ र समावेशीताको सिद्धान्त र छिमेकमा मित्रता र साझेदारी कायम गर्ने नीतिप्रति आफ्नो प्रतिबद्धता दोहोर्‍याएको छ ।

‘बेल्ट एन्ड रोड इनिसियटिभ फ्रेमवर्क’भित्र रहेर द्विपक्षीय सहकार्यका लागि सन् २०१७ मे १२ मा भएको सम्झौता अघि बढाउन ‘बिआरआई कार्यान्वयन योजना’ चाँडो टुग्याउने सहमति भएको छ । दुई देशको विकास रणनीतिअनुसार अनुभव आदानप्रदान गर्न पूर्वाधार सञ्जाल, व्यापार, पर्यटन, उत्पादन क्षमता र लगानी जस्ता क्षेत्रको सहयोगलाई थप सुदृढ बनाउन पनि दुवै देश सहमत भएका छन् । बन्दरगाह, सडक, रेलमार्ग, हवाईमार्ग र विद्युत् प्रसारणलाइनजस्ता क्षेत्रमा व्यवस्थित ढङ्गले पूर्वाधार सञ्जालमा दुवै देशले जोड दिएका छन् ।

संयुक्त रूपमा हिमालयपार बहुआयामिक सम्पर्क सञ्जाल निर्माण गर्न दुवै देश सहमत भएका छन् । वक्तव्यमा संयुक्त लगानीका परियोजनामा कार्यरत कर्मचारीको सुरक्षाको प्रत्याभूति गरिएको छ । सन् २०२६ सम्ममा अति कम विकसित मुलुकबाट स्तरोन्नति हुने नेपालको लक्ष्य प्राप्तिका लागि विकास आश्यकता पूर्ति गरेर सहजीकरण गर्ने चीनले प्रतिबद्धता जनाएको छ ।



लिजी-नेचुङ बन्दरगाह सञ्चालन र यात्रु सेवाका लागि झाङ्मु-खासा बन्दरगाह पुनः सञ्चालन गरिएकोमा दुवै पक्षले स्वागत गरेका छन् । लिजी-नेचुङ बन्दरगाहमा नेपाली पक्षको सुविधाका लागि यथाशीघ्र सुधार गर्न सहयोग गर्ने प्रतिवद्धता पनि चिनियाँ पक्षले जनाएको छ । त्यस्तै, पुलान र जिलोङ बन्दरगाहमा यात्रु र कार्गो सेवाको सहज तथा व्यवस्थित सञ्चालनका लागि दुवै पक्षले प्रशंसा गरेका छन् । परम्परागत रूपमा सञ्चालन भइरहेका चीन-नेपाल सीमा व्यापार नाकाहरू पुनः खोल्न पनि चीन सहमत भएको छ । चेन्ताङ-किमाथाङ्का, रिवु-ओलाङचुङ्गोला बन्दरगाहलाई छिट्टै खोल्नका लागि निरन्तर सम्पर्क गर्ने विषयमा दुवै पक्ष सहमत भएका छन् ।

नेपाललाई भूपरिवेष्टित मुलुकबाट भू-जडित मुलुकमा परिणत गर्न चीनको पारवहन यातायात र राजमार्गको उपयोगसम्बन्धी यसअघि हस्ताक्षर गरिएका सहयोगसम्बन्धी दस्तावेजहरू कार्यान्वयनलाई निरन्तरता दिन दुवै पक्ष सहमत भएका छन् । नेपालको आवश्यकतालाई मध्यनजर गर्दै अरनिको राजमार्ग मर्मतसम्भार आयोजनाको चौंथो चरणको काम सुरु गर्न चिनियाँ पक्ष तयार भएको छ । त्यस्तै, स्याफ्रुबेसी-रसुवागढी राजमार्ग मर्मतको काम चाँडो सुरु गर्न चिनियाँ पक्ष सहमत भएको छ ।

दुई देशबीचको यातायात सञ्जाल बिस्तार गर्न टोखा-छहरे सुरुङमार्गको सम्भाव्यता अध्ययन चाँडो टुङ्गाउन, काठमाडौँको दोस्रो चरणको चक्रपथ विस्तार आयोजनालाई तीव्र गतिमा अघि बढाउन पनि दुवै देश सहमत भएका छन् ।

जिलोङ-केरुङ-काठमाडौँ अन्तरदेशीय रेलवेको सम्भाव्यता अध्ययनको प्रगतिप्रति सन्तुष्टि जनाउँदै चीन-नेपाल रेलवे सहयोगसम्बन्धी आठौं कार्यदलको बैठक यथाशक्य चाँडो गर्नेमा पनि नेपाल-चीनबीच सहमति भएको छ । चिनियाँ पक्ष नेपालमा रेलवेसँग सम्बन्धित तालिम दिन पनि तयार भएको छ ।

दुवै देशका प्रधानमन्त्रीले दुई देशका नागरिक उड्डयन प्राधिकरणबीच भएको सहमतिको स्वागत गर्दै पोखरा अन्तर ाष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न र सञ्चालनमा आएकोमा सन्तोष व्यक्त गर्नुभएको छ । दुवै देशले आफ्ना हवाई सेवालाई थप विस्तार गर्ने र बजार आवश्यकताका आधारमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट थप उडान गर्नेछन् । यसबाट पर्यटन तथा व्यापार प्रवर्द्धन र आर्थिक क्रियाकलापमा वृद्धि हुने अपेक्षा गरिएको छ ।

ऊर्जा क्षेत्रमा जलविद्युत् उत्पादन आयोजना, सीमापार प्रसारण लाइन र सबस्टेसन निर्माणका लागि थप सहकार्य गर्ने सहमति भएको छ । नेपाल र चीनबीच ऊर्जा क्षेत्रमा रहेको संयुक्त कार्यान्वयन संयन्त्रको दोस्रो बैठकमार्फत ‘नेपाल-चाइना इलेक्ट्रिक पावर को-अपरेसन प्लान’लाई अन्तिम रुप दिने सहमति भएको छ ।

जिलोङ-केरुङ-रसुवागढी-चिलिमे २२० केभी क्षमताको अन्तरदेशीय विद्युत् प्रशारणलाइन निर्माणको काम चाँडै शुरु गर्ने सहमति भएको छ । ऊर्जा क्षेत्रको ‘चीन-नेपाल संयुक्त कार्यान्वयन संयन्त्र’मार्फत जलविद्युत, वायु, सौर्य र बायोमास ऊर्जाका साथै हाइड्रोजनको क्षेत्रमा सहयोग आदानप्रदान तथा सहकार्य विस्तारमा काम गर्ने वक्तव्यमा उल्लेख छ । नेपालको उत्तरी भेगका दुर्गम गाउँहरूमा विद्युतीकरण गर्न चीनको सिजाङ स्वायत्त क्षेत्रबाट बिजुली आपूर्तिका लागि नेपाली पक्षले गरेको अनुरोधलाई चीनले सकारात्मक रूपमा लिएको छ । अर्थतन्त्र विस्तार तथा व्यापार प्रवर्द्धन, लगानी, कृषि, पर्यटन, उत्पादन क्षमता, गरिबी निवारण, स्वास्थ्य र शिक्षा जस्ता क्षेत्रमा थप सहकार्य गर्ने विषयमा पनि सहमत भएको उल्लेख छ ।

चीनमा हालै सम्पन्न व्यापार सहजीकरणसम्बन्धी दोस्रो कार्यदल बैठकका उपलब्धीमा दुवै पक्षले सन्तुष्टि व्यक्त गरेका छन् । द्विपक्षीय व्यापार प्रवर्द्धनका लागि उक्त बैठकलाई कोशेढुङ्गाका रूपमा लिइएको छ । दुई देशबीचको व्यापार र लगानी प्रवर्द्धन गर्न पारदर्शी र भेदभावरहित व्यावसायिक वातावरण स्थापनाका लागि दुवै पक्ष सहमत भएका छन् । नेपाल-चीनबीचको ‘ट्रान्जिट प्रोटोकल’ अन्तर्गत चिनियाँ पारवहन सुविधा उपयोग गरी तेस्रो मुलुकबाट सन् २०२३ सेप्टेम्बर ७ मा ट्रान्जिट कार्गोको पहिलो ‘ब्याच’ नेपाल आइपुगेको थियो ।

चीन-नेपाल मैत्री औद्योगिक पार्क आयोजना विकास सम्झौतामा लगानी बोर्डको कार्यालय र ‘ल्हासा इकोनोमिक एण्ड टेक्नोलोजिकल डेभलपमेन्ट जोन इन्भेष्टमेण्ट डेभलपमेन्ट कम्पनी’ दुवैले वार्ता प्रक्रियालाई तीव्रता दिने र जतिसक्दो चाँडो पीडीएमा हस्ताक्षर गर्ने र आयोजना निर्माणको काम जतिसक्दा चाँडो शुरु गर्न दुवै पक्ष सहमत भएका छन् ।

व्यापार र भुक्तानी सम्झौताको समीक्षा तथा परिमार्जन गर्न संयुक्त प्राविधिक कार्य समूहको स्थापनाका लागि दुई देशबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ । सन् २०२३ अगस्टमा आयोजना हुने सातौं ‘चीन-दक्षिण एसिया एक्स्पो’मा नेपालको सहभागिताका लागि चीनले आग्रह गरेको छ । त्यस्तै, सन् २०२३ नोभेम्बरमा सांघाईमा आयोजना हुने छैटौं ‘चाइना इन्टरनेशनल इम्पोर्ट एक्स्पोका लागि पनि चीनले नेपाललाई स्वागत गरेको छ ।

चीनको कृषि तथा ग्रामीण मामिला मन्त्रालय र नेपालको कृषि तथा पशुपन्छी विकास मन्त्रालयबीच भएको कृषि, पशुपन्छी तथा मत्स्यपालन क्षेत्रमा सहयोगसम्बन्धी समझदारी पत्रको नवीकरणलाई दुवै पक्षले स्वागत गरेका छन् । यो समझदारीपत्रले दुई देशबीचको कृषि सहयोगको स्तरलाई उचाइमा पुर्‍याउने र नेपाल-चीन कृषि सहयोगसम्बन्धी चौथो संयुक्त आयोगको बैठक यथाशीघ्र आयोजना गर्ने सहमति भएको छ । कृषि क्षेत्रमा थप सहकार्यका लागि कृषि औद्योगिक प्रदर्शनस्थल स्थापनाका लागि सकारात्मक छलफल भएको छ ।

नेपाली घाँस चीनमा निर्यात गर्ने र चीनमा औषधि उत्पादनका लागि जडिबुटी निर्यात गर्न दुई देशबीच सहमति भएको र त्यसको प्रभावकारी कार्यान्वयनमा दुवै पक्षले विश्वास व्यक्त गरेका छन् ।

नेपालबाट मासुजन्य पदार्थ निर्यातका लागि चीनले सहजीकरण गर्ने प्रतिवद्धता जनाएको छ । त्यस्तै, नेपालबाट ‘सिट्रस फ्रुट’ निर्यातका लागि क्वारेन्टिन प्रयोगशाला स्थापना गर्न नेपाली पक्षलाई सहयोग गर्न चिनियाँ पक्ष तयार भएको छ ।

नेपाली उत्पादन चीन निर्यातमा ९८ प्रतिशत वस्तुमा कर छुट दिएकोमा चिनियाँ पक्षप्रति कृतज्ञता व्यक्त गरिएको छ ।

> **नेपाली उत्पादन चीन निर्यातमा ९८ प्रतिशत वस्तुमा कर छुट दिएकोमा चिनियाँ पक्षप्रति कृतज्ञता व्यक्त गरिएको छ । चिनियाँ पक्षले नेपाली उत्पादन आयातमा सहजीकरण, याक र च्याङग्राको नश्ल सुधारका लागि सहकार्य गर्ने सहमति भएको छ । गरिबी निवारणसँग सम्बन्धित ‘लाइटिङ अप द फ्युचर’ र ‘भाइब्रेन्ट फ्युचर’ कार्यक्रम शुरुवात भएकोमा दुवै पक्षबाट स्वागत गरिएको छ ।**

चिनियाँ पक्षले नेपाली उत्पादन आयातमा सहजीकरण, याक र च्याङग्राको नश्ल सुधारका लागि सहकार्य गर्ने सहमति भएको छ । गरिबी निवारणसँग सम्बन्धित ‘लाइटिङ अप द फ्यूचर’ र ‘भाइब्रेन्ट फ्यूचर’ कार्यक्रम शुरुवात भएकोमा दुवै पक्षबाट स्वागत गरिएको छ ।

कोभिड-१९ महामारीसँग मिलेर लड्नका लागि आपसी सहयोगको प्रशंसा गरेका छन् । चीनको सहयोगमा नेपालमा निजामती सेवा अस्पतालको स्तरोन्नति र मर्मतसम्भार भइ हस्तान्तरण भएकोमा नेपालले धन्यवाद ज्ञापन गरेको छ । त्यस्तै, चिकित्सा क्षेत्रमा थप सुधारका लागि दुवै पक्ष सहमत भएका छन् । चीनले वीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा बोनम्यारो प्रत्यारोपण सेवा सञ्चालन र मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयलाई सहयोगको प्रतिबद्धता जनाएको छ ।

नेपालको आर्थिक तथा सामाजिक विकासमा चीनले गरेको सहयोगप्रति नेपालले प्रशंसा गरेको छ । भूकम्पपछिको पुनर्निर्माणका आयोजनालाई द्रुत गतिमा कार्यान्वयन गर्न दुवै पक्ष सहमत भएका छन् । आपतकालीन व्यवस्थापन र विपद् रोकथाम, न्यूनीकरण र राहतमा सहयोग विस्तार गर्न थप छलफल गर्ने सहमति भएको छ ।

नेपालमा राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्रका लागि प्राविधिक सहयोग उपलब्ध गराउन र ‘अर्थक्वेक मनिटरिङ नेटवर्क’ सञ्चालन र मर्मतसम्भारका लागि सहयोग गर्ने प्रतिबद्धता चीनले जनाएको छ । भूकम्पसँग सम्बन्धित द्विपक्षीय ज्ञान र सूचना आदान-प्रदानका लागि सहमति भएको छ । नेपालमा विपद् रोकथाम र न्यूनीकरणसम्बन्धी प्राविधिक तालिम उपलब्ध गराउन चीन सहमत भएको छ ।

नेपाल-चीन सीमाको संयुक्त निरीक्षण गर्न र सीमा व्यवस्थापन प्रणाली कार्यान्वयनका लागि दुई देशबीच भएको सम्झौतालाई यथाशीघ्र कार्यान्वयनमा ल्याउने पनि सहमति भएको छ । दुवै देशका गृह मन्त्रालयबीच तीन तहमा सीमा सम्पर्क प्रणाली स्थापना गर्ने विषयमा छलफल जारी राख्न पनि सहमति भएको छ । आपराधिक क्रियाकलाप नियन्त्रणका लागि पारस्परिक कानूनी सहायतासम्बन्धी चीन-नेपाल सन्धि अनुमोदनलाई तीव्रता दिने विषयमा पनि दुवै देश सहमत भएका छन् ।

शिक्षा, विज्ञान तथा प्रविधि, दूरसञ्चार, संस्कृति, पर्यटन, रेडियो र टेलिभिजन, प्रबुद्ध समूह र युवा क्षेत्रमा सहयोग आदानप्रदान एवं सहकार्य गर्न दुवै पक्ष तयार रहनेछ । नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र चीनको विज्ञान र प्रविधि मन्त्रालयबीच भएको सम्झौतामा दुवै पक्षले सन्तुष्टि व्यक्त गरेका छन् । साथै दुई देशबीच डिजिटल अर्थतन्त्र, डिजिटल पूर्वाधार एवं आर्टिफिसियल इन्टेलिजेन्सजस्ता क्षेत्रमा सहकार्यका लागि छलफल गर्ने विषयमा पनि सहमति भएको छ । दुवै देशका विद्वत् वर्ग, विद्यार्थी, कलाकार र निजी क्षेत्रका उद्यमीको मैत्रीपूर्ण सहकार्यका लागि पनि सहमत भएको उल्लेख छ ।

चीनले नेपालको पर्यटन प्रवर्द्धन कार्यक्रममा सहयोग गर्ने, चिनियाँ पर्यटक नेपाल पठाउनका लागि प्रोत्साहित गर्ने तथा नेपालमा चिनियाँ पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सन् २०२५ लाई नेपाल भ्रमण वर्ष घोषणा गर्ने विषयमा समझदारी भएको छ ।

आठौं चाइना साउथ एसिया फ्रेन्डसिप अर्गनाइजेसन फोरममा नेपाली संस्थालाई चिनियाँ पक्षले स्वागत गरेको छ । दुवै देशका जनस्तरको सम्बन्ध प्रगाढ तुल्याउनका लागि दुई देशका विभिन्न सहरबीच भगिनी सम्बन्ध स्थापना गरिनेछ । चीनको प्रेस र प्रकाशन विभाग र नेपालको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबीच ग्रन्थ अनुवाद र प्रकाशनमा सहमति भएकोमा सन्तोष व्यक्त गरिएको छ ।

दुई देशबीचको दीर्घकालिन मित्रताको प्रतीकका रूपमा नेपालले चिनियाँ पक्षलाई एक जोडी एक सिङ्गे गैँडा उपहारस्वरुप उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ । चीन नेपालमा चिनियाँ भाषा पढाउने शिक्षक र स्वयंसवेक पठाउन सहमत भएको छ । दुवै देशबीच आपसी सहकार्यलाई सबल तुल्याउँदै विकासशील देशको साझा हितलाई मध्यनजर गर्दै संयुक्त राष्ट्रसंघ र अन्य बहुपक्षीय मञ्चमा एकअर्कालाई सघाउन दुवै पक्षबीच सहमति भएको छ ।

बहुपक्षीय व्यापार प्रणालीलाई समर्थन गर्दै संरक्षणवादको विरोध गर्ने, आर्थिक विश्वव्यापीकरणलाई थप खुला, समावेशी, सन्तुलित र सबैका लागि लाभदायक तुल्याउन विश्वव्यापी प्रवर्द्धन गर्ने, क्षेत्रीय शान्ति कायम गर्ने, सुरक्षाको प्रवन्ध गर्ने, विकास र समृद्धिलाई जोड दिई मानव जातिका लागि साझा भविष्यमा निर्माणमा सहयोग गर्ने दुवै पक्ष सहमत भएका छन् । चीनले प्रस्ताव गरेको ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जिडिआई)मा नेपाली पक्षले समर्थन गर्ने र विकासको अनुभव आदानप्रदान गर्न चिनियाँ पक्ष तयार रहनेछ ।

विकास र समृद्धिका लागि चीरस्थायी मित्रता र नेपाल-चीनबीच रणनीतिक साझेदारीमा प्रधानमन्त्री दाहालको चीन भ्रमण सकारात्मक भएकोमा दुवै पक्षले सन्तोष व्यक्त गरेका छन् ।

चिनियाँ नेताको निमन्त्रणा र न्यानो आतिथ्यताका लागि चिनियाँ सरकार र जनताप्रति प्रधानमन्त्री दाहालले आभार व्यक्त गर्दै चिनियाँ नेतृत्वलाई नेपाल भ्रमणको निम्तो समेत दिनुभएको छ । सो अवसरमा चिनियाँ नेताहरूले नेपाल भ्रमणको निमन्त्रणाका लागि प्रधानमन्त्री दाहाललाई धन्यवाद व्यक्त गर्नुभयो । उहाँहरूले दुवै पक्षले कूटनीतिक माध्यमबाट संवाद जारी राख्ने समेत बताउनुभयो । रासस

# आप्रवासन लिएर उत्पन्न तनावबीच म्याक्राँ र मेलोनीबीच रोममा भेटवार्ता




एएफपी

रोम । इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनी र फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँबीच रोममा भेटवार्ता भएको छ।

फ्रान्सका पूर्व राष्ट्रपति जियोर्जियो नेपोलिटानोको ९८ वर्षको उमेरमा शुक्रबार निधन भएपछि उहाँको राजकीय अन्त्येष्टिमा सहभागी हुन म्याक्रोँ इटालीको राजधानी रोम पुग्नुभएको हो।

यसै महिनाको सुरुमा इटालियन टापु लाम्पेडुसामा आप्रवासीको आगमनमा तीव्र वृद्धि भएपछि युरोपेली सङ्घमा शरणार्थीको जिम्मेवारी कसले लिने भन्ने विषयमा तीतो बहस सुरु भएको थियो।

फ्रान्समा विशेष गरी तातो बयानबाजी भएको छ, जहाँ देशको त्रिशंकु संसद्मा राजनीतिक दलहरूले नयाँ आगमनलाई नियन्त्रण गर्ने कानूनको मस्यौदालाई लिएर विवाद गरिरहेका छन्।

"हामी इटालियालीहरूलाई एक्लै छोड्न सक्दैनौं," म्याक्रोँले आइतबार एक टेलिभिजन अन्तर्वार्तामा भन्नुभयो। सहयोगको प्रस्तावलाई मेलोनीले तुरुन्तै 'विशेष चासोका साथ स्वागत' गर्नुभएको छ।

दुई नेताबीच अन्तिम पटक गत जुनमा पेरिसमा भेट भएको थियो। उहाँहरूबीच शुक्रबार माल्टामा भूमध्यसागरीय नेताहरूको शिखर सम्मेलनमा पनि भेटवार्ता हुने बताइएको छ।

आप्रवासनको विषयलाई लिएर मेलोनी र जर्मनीबीच पनि विवाद भएको छ। जर्मनीका राष्ट्रपति फ्रान्क वाल्टर स्टेनमियर पनि नेपोलिटानोको अन्त्येष्टिमा सहभागी हुनुभएको थियो।

इटालीका प्रधानमन्त्रीले चान्सलर ओलाफ स्कोल्जलाई पत्र लेख्दै बर्लिनले इटालीको समुद्र वा तटमा रहेका आप्रवासीलाई सहयोग गर्ने परोपकारी परियोजनाका लागि आर्थिक सहयोग गरेको गुनासो गरेका थिए।

रोमले मध्य भूमध्यसागरमा उद्धार अभियान सञ्चालन गर्ने गैरसरकारी संस्थाका डुङ्गाहरूलाई उत्तर अफ्रिकाबाट आप्रवासीहरू आउन प्रोत्साहित गरेको आरोप लगाएको छ।

इटालीको गृह मन्त्रालयका अनुसार उनीहरू तथाकथित प्रोत्साहनका रूपमा काम नगरेको तथ्याङ्क देखाउँछ। आप्रवासीहरूको आगमन एनजीओ डुङ्गाहरूको उपस्थितिमा नभइ मौसममा आधारित हुन्छन् र अधिकांश आप्रवासीहरूलाई इटालियाली तटरक्षकद्वारा उद्धार गरिन्छ।

# मानवअधिकार परिषद्मा सामेल हुने रुसको प्रयास

एपी

जेनेभा। रुसले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्को निर्वाचनमा पुनः सामेल हुने प्रयास थालेको छ। रुसी सेनाले युक्रेनमा आक्रमण गरेपछि मस्कोलाई गत अप्रिलमा परिषद्बाट निष्कासन गरिएको थियो।

रुसले राष्ट्रसङ्घका सदस्य देशका राजदूतहरूलाई आगामी महिना हुने निर्वाचनमा सहयोगका निम्ति अनुरोध गर्दै पत्राचार गरेको छ। एपीले पढेको उक्त पत्रमा मस्कोले मानव अधिकारका मुद्दामा समाधान खोज्ने प्रतिबद्धता व्यक्त गरेको छ। साथै मस्कोले परिषद्लाई कुनै एक अमुक समूहको राजनीतिक स्वार्थ पूरा गर्ने उपकरण बन्न खोजेको आरोप लगाउँदै त्यसो हुन नदिन रुसलाई पुनः निर्वाचित गर्नुपर्ने तर्क पत्रमा गरिएको छ। नाम नलिइ रुसले परिषद्लाई पश्चिमा मुलुकले आफ्नो इच्छानुसार प्रयोग गर्न खोजेको आरोप लगाएको छ।

जेनेभास्थित कूटनीतिज्ञहरूले रुसले गम्भीर मानव अधिकार उल्लङ्घन गरेको तथा अन्तर्राष्ट्रिय फौजदारी अदालतले नेता भ्लादिमिर पुटिनलाई पक्राउ गर्ने आदेश दिएको सन्दर्भमा अन्तर्राष्ट्रिय रुपमा गुमेको रुसको गरिमा पुनःस्थापना हुने सम्भावना नरहेको बताएका छन्।

# १९औं एसियाली खेलकुद
# २२८ पदकको छिनोफानो, नेपाल पदकविहीन




हाङझाउ। १९औं एसियाली खेलकुद, २०२२ अन्तर्गत सोमबारसम्म दुई सय २८ पदकको छिनोफानो भएको छ। एसियाली खेलकुदमा कुल सहभागी ४५ मुलुकमध्ये हालसम्म २५ मुलुकले पदक प्राप्त गरेका छन्। नेपाल भने हालसम्म पदकविहीन अवस्थामा छ। नेपालले हालसम्म खेलेका कुनै पनि खेलमा राम्रो खेल प्रदर्शन गर्न सकेको छैन।

सोमबारसम्मको खेल प्रदर्शनका आधारमा हालसम्म चीनले ३९ स्वर्ण २१ रजत र नौ कास्यसहित ६९ पदक प्राप्त गर्दै शीर्ष स्थान ओगटेको छ। यस्तै दक्षिण कोरिया १० स्वर्ण,१० रजत, १३ कास्यसहित ३३ पदकका साथ पदक तालिकाको दोस्रो स्थानमा रहेको छ। जापान पाँच स्वर्ण, १४ रजत र १२ कास्यका साथ ३१ पदक प्राप्त गर्दै तेस्रो स्थानमा तथा उज्वेकिस्तान चार स्वर्ण, ६ रजत र ६ कास्यसहित १४ पदकका साथ पदक तालिकाको चौथो स्थानमा रहेको छ। यस्तै हङकङ चाइना तीन स्वर्ण, चार रजत र सात कास्य सहित कुल १४ पदक प्राप्त गर्दै पाँचौं स्थानमा रहेको छ।

**नेपालको निराशाजनक प्रदर्शन**

चीनको हाङझाउमा जारी१९औं एसियाली खेलकुदअन्तर्गत सोमबारसम्मको खेलमा नेपाली खेलाडीले निराशाजनक खेल प्रदर्शन गरेका छन्। टेनिसमा सोमबार नेपालका सबै खेलाडी पराजित भएका छन्। नेपाल चारवटै स्पर्धामा पराजित भएको हो। पुरुष एकलतर्फ पहिलो चरणको खेल जितेका नेपालका प्रदीप खड्का सोमबार जापानी खेलाडीसित सोझो सेटमा पराजित भए।

पुरुष एकलतर्फ नै नेपालका अभिषेक बाँस्तोला हङकङसित पराजित भए। यसैगरी महिला डबल्समा नेपालकी अभिलाषा विष्ट र माहिका राणाको जोडी दक्षिण कोरियासित पराजित भए। मिक्स डबल्समा पनि नेपालका अभिषेक बाँस्तोला र अभिलाषा विष्टको जोडी इण्डोनेसियाका खेलाडीसित पराजित भयो।

**फेन्सिङमा पनि नेपाल पराजित**

एसियाली खेलकुदअन्तर्गत सोमबार फेन्सिङमा पनि नेपालका सबै खेलाडी पराजित भए। पुरुष साब्रे व्यक्तिगत स्पर्धामा नेपालका प्रयास योञ्जन पाँच वटै खेलमा पराजित भए। उनी काजकिस्तान, हङकङ, उज्वेकिस्तान, इरान र साउदी अरेबियाका खेलाडीसित पराजित भए। पुरुष साब्रे व्यक्तिगत स्पर्धामा नेपालका राजेन्द्र गजुरेल कुवेत, हङकङ, चीन, भियतनाम, दक्षिण कोरिया र जापानका खेलाडीसित पराजित भए।

यस्तै महिला फोइल व्यक्तिगततर्फ नेपालकी मन्दिरा थापा हङकङ, जापान, जोर्डन, दक्षिण कोरिया, मकाउ र थाइल्यान्डका खेलाडीसित पराजित भइन्। यस्तै गोमा आचार्य दक्षिण कोरिया, थाइल्यान्ड, जापान, सिंगापुर, युएई र चीनका खेलाडीसित पराजित भइन्।

**रग्बीमा नेपाल जितविहीन**

रग्बीमा पहिलो पटक एसियाली खेलकुदमा सहभागी भएको नेपालको पुरुष टोली पराजित भयो। समूह सी मा रहेको नेपाल आइतबार यूएई, चीन र अफगानिस्तानसित पराजित भएको हो। सोमबार नेपाल फिलिपिन्स र थाइल्याण्डसित पनि पराजित भयो।

**साइक्लिङमा पनि खराब प्रदर्शन**

सोमबार साइक्लिङ क्रस कन्ट्रीमा प्रतिस्पर्धा गरेका नेपालका दुवै खेलाडीले दौड पूरा गर्न सकेनन्। महिलातर्फ उषा खनाल र पुरुषतर्फ सुरज राना मगर सहभागी भएका थिए। दुवै जनाले निर्धारित दूरी पूरा गर्न सकेनन्। दुवैले माउन्टेन बाइक क्रसकन्ट्रीमा भाग लिएका थिए। पुरुषतर्फ कूल १७ खेलाडी सहभागी थिए। महिलातर्फ १५ खेलाडी सहभागी थिए।

**बास्केटबलमा जापानसित पराजित**

महिला थ्री बाई थ्री बास्केटबलमा नेपाल सोमबार जापानसित पराजित भएको छ। समूह बी अन्तर्गत नेपाल जापानसँग २२-४ अंकले पराजित भएको हो। श्रेया खड्काको कप्तानीमा रहेको नेपाली टोलीमा गरिसा सिलवाल, मिना गुरुङ र रिन्छेन मोक्तान रहेका छन्। नेपालले अब बुधबार काजकिस्तानसित तथा शुक्रबार ताइपेईसित खेल्ने छ।

**बक्सिङमा रविन विजयी**

पुरुष बक्सिङमा सोमबार नेपालका रविन थापाले ५१ किलो तौल समूहमा अन्तिम ३२ को खेलमा इन्डोनेसियाका खेलाडीलाई पराजित गरे। उनी अंकका आधारमा ४-१ ले विजयी भएका हुन्। रविनले अब प्रिक्वाटर फाइनलमा उत्तर कोरियाका खेलाडीसित खेल्नेछन्।

**तेक्वान्दोमा दुवै खेलाडी पराजित**

तेक्वान्दोमा सोमबार नेपालका दुवै खेलाडी पराजित भएका छन्। तेक्वान्दोमा नेपालकी अन्जली तामाङले मिश्रित खेल प्रदर्शन गरिन्। महिला ४९ किलोग्रामको तौल समूहमा उनले पहिलो चरणमा कम्बोडियाकी खेलाडीलाई १०-४ अंकले पराजित गरिन्। प्रिक्वाटर फाइनलमा भने अन्जली थाइल्यान्डकी खेलाडीसित पराजित भइन्। यस्तै पुरुष ५८ किलोमुनीको राउण्ड अफ ३२ मा नेपालका राहुल कुमाल साउदी अरेबियाका खेलाडीसित पराजित भए।

**जुडोमा पनि नेपाल पराजित**

जुडोमा पनि सोमबार नेपालका तीनवटै खेलाडी पराजित भए। नेपालका मनीता श्रेष्ठ, जंगबहादुर सारु र पुनम श्रेष्ठ इप्पोनका आधारमा पराजित भएका थिए।

पुनम महिला ७५ किलोमुनिको तौल समूहमा मंगोलियाकी खेलाडीसित पराजित भइन्। महिला ५७ किलोमुनिको तौल समूहमा मनीता तुर्कमिनिस्तानकी खेलाडीसित पराजित भइन्। यस्तै पुरुष ८१ किलोमुनिको तौल समूहमा जंगबहादुर फिलिपिन्सका खेलाडीसित पराजित भए।

**उसुमा कमजोर प्रदर्शन**

उसुमा पनि सोमबार नेपाली खेलाडीहरूको प्रदर्शन कमजोर रह्यो। थाउलोअन्तर्गत महिला चाङक्वानमा नेपालकी सुस्मिता तामाङ ११ खेलाडीमध्ये आठौं स्थानमा रहिन्। थाउलोकै पुरुष ताजिक्वानमा नेपालका पासाङ शेर्पा १८ खेलाडीमा अन्तिममा रहे।

**पौडीमा नेपाली खेलाडी हिट चरणबाटै बाहिरिए**

पौडीमा पनि सोमबार नेपाली खेलाडी हिट चरणबाटै बाहिरिए। महिला २०० मिटर फ्रिस्टायलमा नेपालकी इुवाना लामा हिट चरणबाटै बाहिरिइन्। उनी आठ खेलाडी सहभागि हिटमा अन्तिम स्थानमा रहिन्। यस्तै पुरुष ५० मिटर फ्रिस्टायलमा एलेक्स शाह पनि आफ्नो हिटमा अन्तिम स्थानमा रहँदै बाहिरिए। रासस

# दोहोरो झडपमा पच्चीस जना मारिए

एएफपी

बेरुत। सिरिया सरकारप्रति वफादार लडाकु समूह र पूर्वी सिरियाको अरब जिल्लामा कुर्द नेतृत्वको सेनाबीच भीषण झडप भएको छ। दुई दिनसम्म भएको झडपमा २५ जनाको मृत्यु भएको युद्ध पर्यवेक्षक एक संस्थाले मङ्गलबार बताएको छ।

वासिङ्टनको समर्थन पाएको कुर्दिस नेतृत्वको सिरियन डेमोक्रेटिक फोर्सेस (एसडीएफ) ले सोमबार सुरु भएको झडपमा देइर एजोर प्रान्तको धेबान क्षेत्रमा घुसपैठ गरेका बन्दुकधारीहरूलाई परास्त गरेको बताएको छ।

यसै महिनाको प्रारम्भमा सोही क्षेत्रमा एसडीएफ र सशस्त्र अरब जनजातिबीच १० दिन झडप भएको थियो। उक्त झडपमा ९० जनाले ज्यान गुमाएका थिए।

बेलायतस्थित सिरियन अब्जरभेटरी फर ह्युमन राइट्सले सिरिया सरकार समर्थक लडाकुहरूले युफ्रेटिस नदी पार गर्दा पछिल्लो झडप भएको बताएको छ। झडपमा २१ जना दमास्कसका वफादार र तीन जना एसडीएफ लडाकुले ज्यान गुमाएका उक्त संस्थाले बताएको छ।

# 'हिन्द-प्रशान्त क्षेत्रको स्थायित्वका लागि अमेरिका-भारत साझेदारी अपरिहार्य'

एएनआई

नयाँदिल्ली। अमेरिकी सेनाका प्रमुख ज्याक्री जर्जले हिन्द-प्रशान्त क्षेत्रको स्थायित्वका लागि अमेरिका-भारत साझेदारी अपरिहार्य भएको बताउनुभएको छ।

हिन्द-प्रशान्त क्षेत्रका सेना प्रमुखहरूको हिजोदेखि देशको राष्ट्रिय राजधानीमा शुरुभएको सम्मेलनमा भारतीय सेनाप्रमुख मनोज पाण्डेका साथ भएको संयुक्त पत्रकार सम्मेलनमा अमेरिकी सेनाप्रमुखले अमेरिका र भारतीय सेनाबीचको साझेदारीले हिन्द-प्रशान्त क्षेत्रमा स्थायित्व कायम गर्न सहज हुने बताउनुभयो।

हिन्द-प्रशान्त क्षेत्रका सेनाहरूबीचको संवाद र छलफलले आपसी विश्वास र मैत्रीलाई सुदृढ बनाउने तथा चुनौतीपूर्ण वर्तमान वातावरणमा सहकार्य र साझेदारी गर्दा यस क्षेत्रका सबैलाई फाइदा हुने बताउनुभयो।

अतिवाद, सङ्गठित अपराध नियन्त्रण गर्ने साझा रणनीतिसमेत तयार गर्नुपर्ने परिस्थिति उत्पन्न भएको बताउँदै उहाँले सेनाहरूबीचको सम्बन्ध बलियो बनाउन सम्मेलन उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो।

भारतीय सेनाप्रमुख पाण्डेका अनुसार हिन्द-प्रशान्त क्षेत्रका १९ देशका सेना प्रमुख सहभागी रहेको सम्मेलनको मुख्य उद्देश्य आपसी समझदारी, संवाद र मैत्रीका माध्यमबाट यस क्षेत्रमा शान्ति र स्थायित्व प्रवर्द्धन गर्नु हो।

# गोप्य कागजात मुद्दामा पाकिस्तानी पूर्व राष्ट्रपति खानको हिरासत समय थप लम्बाइयो

सिन्ह्वा

इस्लामावाद। पाकिस्तान तेहरीक-ए-इन्साफ (पीटीआई) का अध्यक्ष इमरान खान र उपाध्यक्ष शाह महमुद कुरेशीलाई विशेष अदालतले मङ्गलबार थप १४ दिनका लागि न्यायिक हिरासतमा राख्ने अनुमति दिएको छ।

एक कुटनीतिक दस्तावेज उल्लेख गरिएको गोप्य कागजात इमरान खानले लुकाएको भन्दै उहाँविरुद्ध मुद्दा दर्ता भएको छ। विशेष अदालतबाट जारी एक सूचनामा भनिएको छ, "खान र कुरेशीको न्यायिक हिरासत १० अक्टोबरसम्म लम्ब्याइएको छ।"

पीटीआईका अनुसार यसमा



खानलाई पदच्युत गर्ने अमेरिकी धम्की थियो। तोशाखाना प्रकरणको तीन वर्षको जेल सजाय निलम्बित भएपछि पीटीआईका अध्यक्षलाई कुटनीतिक दस्तावेज प्रकरणमा न्यायिक हिरासतमा राखिएको पाकिस्तानी अंग्रेजी पत्रिका 'डन'ले जनाएको छ। इमरानको विशेष अदालती कारबाही 'सुरक्षाको कारण देखाउँदै' अड्क जेलमा भइरहेको कानुन मन्त्रालयले जारी गरेको सूचनामा उल्लेख छ।

# युक्रेनमा अमेरिकी अब्रामट्याङ्क 'जल्ने' छ : क्रेमलिन



एएफपी

मस्को। क्रेमलिनले मङ्गलबार युक्रेनलाई आपूर्ति गरिएको अमेरिकी अब्रामस्ट्याङ्कले आक्रमणको परिणाममा परिवर्तन नगर्ने तर रुसी आक्रमणका कार(ा) 'ध्वस्त' हुने दावी गरेको छ।

कीएभले सोमबार अमेरिकी 'अब्राम्स ब्याटल ट्याङ्क'को प्राप्त गरेको जानकारी गराएको छ। यसले भारी किल्लादार रुसी रक्षात्मक लाइनहरू तोड्न आफ्नो सेनालाई प्रोत्साहन गर्ने युक्रेनी विश्वास रहेको छ।

क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले भन्नुभयो, "यी सबै कुराले कुनै पनि हालतमा विशेष सैन्य अभियानको मर्म र यसको परिणामलाई प्रभावित गर्न सक्दैन।"

उहाँले भन्नुभयो, "युद्धको मैदानमा शक्ति सन्तुलन परिवर्तन गर्न सक्ने कुनै पनि हतियार छैन।" क्रेमलिनले पश्चिमा हतियारका बारेमा प्रयोग गरेको कुरा दोहोऱ्याउँदै उहाँले भन्नुभयो, "ती पनि जल्नेछन्।"

युक्रेनले रुसको नियन्त्रणमा रहेको भू-भागभित्र आक्रमण गर्न र रुसी नियन्त्रित क्षेत्रभित्र आक्रमण गर्न मद्दत गर्न लामो दूरीका क्षेप्यास्त्रसहित थप पश्चिमा हतियारको माग गर्दै आएको छ।

वासिङ्टनले यस वर्षको सुरुमा कीएभलाई ३१ वटा अब्राम्सट्याङ्क उपलब्ध गराउने वाचा गरेको थियो, जुन द्वन्द्व सुरु भएयता संयुक्त राज्य अमेरिकाले प्रतिबद्धता गरेको ४३ अर्ब डलरभन्दा बढीको सुरक्षा सहायताको एक हिस्सा हो।

रुसले युक्रेनमा लगातार पठाइएको क्षेप्यास्त्रको निन्दा गर्दै यसले द्वन्द्व लम्ब्याएको तर्क गर्दै आएको छ।

# चीन, दक्षिण कोरिया र जापानका शीर्ष नेता वार्ता गर्न सहमत

एएफपी

बेइजिङ। चीन, दक्षिण कोरिया र जापानका शीर्ष नेताबीच यथासक्य चाँडो शिखर वार्ता हुनेभएको छ। सरकारी अधिकारीहरूका अनुसार सन् २०१९ पछि पहिलो पटक त्रिपक्षीय वार्ता हुन लागेको हो।

सोलमा चीन, जापान र दक्षिण कोरियाका वरिष्ठ कूटनीतिज्ञहरूबीच अप्रत्यासित रुपमा भएको बैठकपछि चीनले मङ्गलबार तीनवटै देशका नेताहरूबीच 'यथाशीघ्र' शिखर बैठक गर्न सहमति भएको बताएको हो।

> सोलमा चीन, जापान र दक्षिण कोरियाका वरिष्ठ कूटनीतिज्ञहरूबीच अप्रत्यासित रुपमा भएको बैठकपछि चीनले मङ्गलबार तीनवटै देशका नेताहरूबीच "यथाशीघ्र" शिखर बैठक गर्न सहमति भएको बताएको हो।

टोकियो, वासिङ्टन र सोलबीचको सुदृढ सुरक्षा सम्बन्धलाई दृष्टिगत गरी ती देशसँग बिग्रिएको सम्बन्ध सुधार गर्ने प्रयासका रुपमा चीनले बैठकका निम्ति सहमति जनाएको विश्लेषकहरूले बताएका छन्। पछिल्लो समय अमेरिकासँगको बिग्रदो सम्बन्धलाई लिएर चीन चिन्तित छ।

"चीन, जापान र दक्षिण कोरियाबीचको सहकार्यलाई तीन पक्षको साझा हितमा निरन्तरता दिन सहमति भएको छ," विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले नियमित पत्रकार सम्मेलनमा मङ्गलबार भन्नुभयो।

प्रवक्ता वाङका अनुसार तीनवटै देशले आ-आफ्ना विदेश मन्त्रीको बैठक अर्को केही महिना आयोजना गरेर त्यसपछि उपयुक्त समयमा जति सक्दो चाँडो शीर्ष नेताहरूको बैठक गर्न बेइजिङ, सोल र टोकियो सहमत भएका छन्।

दक्षिण कोरियाको विदेश मन्त्रालयले पनि तीनवटै देशका कूटनीतिज्ञहरू शीघ्र त्रिपक्षीय शिखर बैठक आयोजना गर्न तथा बैठकको तयारीमा विदेश मन्त्रीस्तरीय बैठकको आयोजना गर्न सहमत भएका बताएको छ। पछिल्लो पटक त्रिदेशीय शिखर सम्मेलन सन् २०१९ मा भएको थियो।

# इजरायल-साउदी सम्बन्ध सामान्य बन्दै

एएफपी

जेरिको। इजरायल र साउदी अधिराज्यबीचको सम्बन्धलाई सामान्य बनाउने प्रयासले गति लिएको छ।

अमेरिकी मध्यस्थतामा इजरायलसँग वार्तामा बस्न सहमत भएको साउदी अरबको एउटा प्रतिनिधिमण्डल मङ्गलबार प्यालेस्टिनी क्षेत्रमा आइपुगेको छ। जोर्डनबाट सतहमार्ग हुँदै प्रतिनिधिमण्डल जेरिको आइपुगेको हो। साउदी प्रमण्डलले इजरायली भूमिहुँदै प्यालेस्टिनी क्षेत्रमा तीन दशकपछि पहिलो पटक प्रवेश गरेको हो।

प्यालेस्टिनी क्षेत्रका लागि साउदी गैरआवासीय राजदूत नाइफ अल-सुदैरीको नेतृत्वमा प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बास र प्यालेस्टाइनका शीर्ष कूटनीतिज्ञ रियाद अल-मलिकीलाई भेट्ने कार्यक्रम छ।

जोर्डनका लागि साउदी अधिराज्यका राजदूत सुदैरीलाई गत महिना प्यालेस्टिनी क्षेत्रको पनि जिम्मेवारी दिइएको हो। उहाँ जेरुसेलमका लागि 'कन्सल जनरल' पनि हुनुहुन्छ।

मध्यपूर्वमा दिगो शान्ति कायम गर्ने अमेरिकी सक्रियताको परिणामस्वरुप साउदी प्रमण्डलको भ्रमण भएको हो। इजरायल-प्यालेस्टाइन द्वन्द्व अन्त्य गर्ने उद्देश्यले सन् १९९३ मा भएको ओस्लो सम्झौता कार्यान्वयनको एक हिस्साका रुपमा पनि यो भ्रमणलाई लिइएको छ।

इजरायलले २०२० मा संयुक्त अरब इमिरेट्स, बहराइन र मोरक्कोसँग सम्बन्ध स्थापना गरेकामा साउदीले प्यालेस्टिनी द्वन्द्व समाधान नभएसम्म कूटनीतिक रुपमा अघि नबढ्ने बताउँदै आएको छ। यद्यपि रियादले जेरुससेलमसँग सम्बन्ध स्थापनाको सिलसिलालाई भने अघि बढाएको छ।



सुनसरीको इनरुवा-२ का कुमाले चिया खाने माटाका गिलास बनाउँदै। माटाका गिलास प्रतिगोटा पाँचदेखि आठ रुपैयाँसम्ममा बिक्री हुने श्रीराम पण्डित बताउँछन्। तस्बिर :रासस

### ब्याजदर वृद्धिको असर

# बैंकको कर्जा लगानी १६ अर्बले घट्यो, ६ अर्ब ३६ करोड नाफा !

**टुडे समाचारदाता**

काठमाण्डु । ब्याजदर वृद्धिको प्रत्यक्ष असर बैङ्कहरूको कर्जा लगानी र नाफामा परेको छ। चालु आर्थिक वर्षको पहिलो महिना अर्थात् साउनमा बैङ्कहरूको कर्जा लगानी १६ अर्ब रुपैयाँले घट्न पुगेको हो।

२०८० असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूले ५७ खर्ब ७१ अर्ब रुपैयाँ निक्षेप सङ्कलन गर्दै ४८ खर्ब ७८ अर्ब कर्जा लगानी गरेकामा पछिल्लो साउन महिनामा उक्त लगानी घटेर ४८ खर्ब ६२ अर्बमा झर्न पुगेको हो।

उसो त समीक्षा अवधिमा बैङ्कहरूको निक्षेप सङ्कलन समेत घटेर ५६ खर्ब १२ अर्ब रुपैयाँमा झरेको केन्द्रीय बैंकले जनाएको छ । गत असार मसान्तसम्ममा बैंकहरुले ५७ खर्ब ७१ अर्ब रुपैयाँ निक्षेप सङ्कलन गरेका थिए।

आर्थिक वर्षको अन्तमा सबै संघ, संस्था, कम्पनी तथा फर्महरूको हिसाबकिताब बन्द (क्लोजिक) कारण पनि असार मसान्तमा डिपोजिट (निक्षेप) बढ्न गएको हो। तर, साउन लागेसँगै पुनः कारोबार सुचारु हुँदा बैंकबाट निक्षेप बाहिरिएको केन्द्रीय बैंकले जनाएको छ।

**नाफामा सङ्कुचन**

समीक्षा अवधिमा बैङ्कहरूको कर्जा लगानी घटेसँगै यता नाफा समेत घट्न पुगेको छ। केन्द्रीय बैंकका अघिल्लो असार मसान्तको तुलनामा साउनमा बैंक तथा वित्तीय संस्थाहरूको नाफा ६.७९ प्रतिशतले घट्दै जम्मा १० अर्ब २२ करोड ५० लाख रुपैयाँ मात्र कमाएका छन्। जसमध्ये वाणिज्य बैङ्कहरूको नाफा ८ अर्ब ५२ करोड ५० लाख रुपैयाँ रहेको छ। अघिल्लो महिनाको तुलनामा वाणिज्य बैङ्कहरूको नाफामा ६.७९ प्रतिशतले गिरावट आएको हो।

**कुन बैंकको नाफा कति ?**

ग्लोबल आईएमई बैंक - ९९ करोड २४ लाख रुपैयाँ, नबिल बैंक - ७५ करोड ५५ लाख रुपैयाँ, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक - ७४ करोड ८० लाख रुपैयाँ, हिमालयन बैंक - ६३ करोड १२ लाख रुपैयाँ, कुमारी बैंक - ५७ करोड ७१ लाख रुपैयाँ , राष्ट्रिय वाणिज्य बैंक - ४४ करोड ७० लाख रुपैयाँ , प्राइम कमर्सियल बैंक - ४२ करोड ४८ लाख रुपैयाँ, लक्ष्मी सनराइज बैंक - ४१ करोड ५४ लाख रुपैयाँ, एनआईसी एशीया बैंक - ३८ करोड ४६ लाख रुपैयाँ, एनएमबी बैंक - ३८ करोड ३१ लाख रुपैयाँ, एभरेष्ट बैंक - ३६ करोड ७७ लाख रुपैयाँ, नेपाल बैंक - ३६ करोड ४ लाख रुपैयाँ, कृषि विकास बैंक - ३३ करोड १६ लाख रुपैयाँ, प्रभु बैंक - २९ करोड ९९ लाख रुपैयाँ, सिद्धार्थ बैंक - २९ करोड ९६ लाख रुपैयाँ, स्ट्यान्डर्ड चार्टर्ड बैंक - २५ करोड ७८ लाख रुपैयाँ, सानिमा बैंक - २५ करोड २० लाख रुपैयाँ, सिटिजन्स बैंक - २४ करोड ७६ लाख रुपैयाँ, माछापुच्छ्रे बैंक - १८ करोड ८७ लाख रुपैयाँ, नेपाल ईसबीआई बैंक - १६ अर्ब ५ करोड रुपैयाँ।

आर्थिक शिथिलताबिच उपभोग्य बजार र उत्पादनसँगै घटेको कर्जा मागले बैङ्कहरूको नाफा प्रभावित हुन पुगेको हो । यसमा निरन्तर बढ्दो बैंकको ब्याजदरका कारण लगानीको वातावरण बन्न नसकेको उद्योग व्यवसायीहरूको भनाई छ।

# चाडबाड लक्षित सहुलियत पसल असोज २१ गतेदेखि



काठमाण्डु । चाडवाड लक्षित सहुलियत मूल्य पसल असोज २१ गतेदेखि मङ्सिर ३ गतेसम्म सञ्चालन गरिनेभएको छ।

आम उपभोक्ताको हितलाई ध्यानमा राखी अत्यावश्यक खाद्य तथा उपभोग्य वस्तु सुपथ मूल्यमा उपलब्ध गराउन चाडबाड अवधिभर उक्त पसल सञ्चालनमा ल्याउन लागिएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता गजेन्द्र कुमार ठाकुरले जानकारी दिनुभयो। यस्ता पसलबाट बजार मूल्य नियन्त्रण र गुणस्तरीयता कायम गरी सरल, सहज र सर्वसुलभ रूपमा सामग्री उपलब्ध गराउने उद्देश्य लिइएको उहाँको भनाइ छ।

चाडबाडका समयमा उपभोक्ता बजारमा निजी क्षेत्रको एकाधिकार हुन नदिन भन्दै सरकारले हरेक वर्ष सहुलियत मूल्य पसल सञ्चालन गर्दै आएको छ। सरकारले उद्योग, वाणिज्य, तथा आपूर्ति मन्त्रालयको मातहतका खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको दुग्ध विकास संस्थानको सहकार्यमा सहुलियत मूल्य पसल सञ्चालनमा ल्याउन लागेको हो।

सहुलियत मूल्य पसलमा सबै किसिमका चामल, दालहरू, गहुँ, आटा, पिठो, मैदा, तोरीको तेल, सनफ्लावर तेल, भट्मासको तेल र चिउरामा बजार मूल्यभन्दा प्रतिकिलो रू सातले सस्तोमा बिक्री वितरण हुनेछ।

त्यस्तै, कर्णालीको सिमी तथा गेडागुडीहरू, फापरको दाना, चिनो, कागुनो र उवा र जिउँदो खसी, बोका तथा च्याङ्ग्रामा प्रतिकिलो रू १० छुट दिइएको छ।

यसवर्ष सहुलियत मूल्य पसल सञ्चालनका लागि सरकारले खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई रू दुई करोड ३२ लाख २० हजार बजेट छुट्याएको छ।

त्यस्तै, साल्ट ट्रेडिङमार्फत बिक्री हुने सामानमा सहुलियत दिन सरकारले रू एक करोड छुट्याएको छ । साल्ट ट्रेडिङ कर्पोरेसनलले चिनी प्रतिकिलो रू ९७ मा बेच्नेछ भने बजार मूल्यको तुलनामा नुनमा प्रतिकिलो रू दुई र तेल तथा चिउरामा प्रतिकिलो रू सात छुट दिनेछ।

त्यस्तै, दूध विकास संस्थानले घ्यूमा प्रतिकिलो रू २०, पनीर प्रति दुई सय ग्राममा रू २० र प्रति पाँच सय ग्राममा रू ५० छुट दिनेछ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङको काठमाडौँ उपत्यकामा रहेका आठ वटा बिक्री केन्द्र र तीन वटा घुम्ती पसल समेत गरी जम्मा ३५ स्थानमा बिक्री स्थल रहनेछ।

त्यसबाहेक मोरङ्ग, झापा, ताप्लेजुङ्ग, संखुवासभा, सोलुखुम्बु, दिक्तेल, भोजपुर, ओखलढुङ्गा, खोटाङ्ग, सिरहा, जनकपुर, पर्सा, काठमाडौँ, ललितपुर, भक्तपुर, कास्की, तनहुँ, गोरखा, मनाङ्ग, मुस्ताङ्ग, रुपन्देही, बाँके, दाङ्ग, बर्दिया, रुकुम पूर्व र रुकुम पश्चिममा खाद्य व्यवस्था कम्पनीले सहुलियत पसल सञ्चालन गर्नेछ। त्यस्तै, रोल्पा, सुर्खेत, गुल्मी, दैलेख, डोल्पा, कालीकोट, हुम्ला, जाजरकोट, जुम्ला, मुगु, कैलाली, डंडेलधुरा, बाजुरा, बझाङ्ग, अछाम, दार्चुला, महेन्द्रनगर गरी ४२ जिल्लाका ४८ स्थानमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीका सहुलियतपूर्ण स्टक रहनेछन्।


यस्ता पसलहरू आवश्यकतानुसार थप जिल्ला र स्थानहरूमा पनि सञ्चालन गर्न सकिने मन्त्रालयले जनाएको छ । निःशुल्क अनलाइन होम डेलिभरी, घुम्ती सेवा, सहकारी र डिलहरूकोको माध्यमबाट तोकिए बमोजिमको छुट पाउन सकिनेछ।

सञ्चालनमा ल्याइएका सहुलियत मुल्य पसलहरू प्रभावकारी भएको नभएको विषयमा अनुगमन समिति पनि बनाइएको छ। चाडबाडको अवधिभर बजार अनुगमनको काम थप तीव्र पारिने मन्त्रालयले जनाएको छ।

काठमाडौँ उपत्यकाको हकमा उद्योग मन्त्रालयले सहुलियत पसल सञ्चालनको आयोजना अवधिभर अनुगमन टोली बनाई अनुगमन गर्नेछ भने सम्बन्धित संस्थानहरूले पनि आ-आफनो अनुगमन टोली बनाई अनुगमन गर्नेछन्।

वाणिज्य, आपूर्ति व्यवस्था तथा उपभोक्ता संरक्षण विभागबाट पनि नियमित अनुगमनको अतिरिक्त थप अनुगमन टोली बनाई सघन रूपमा अनुगमन गर्नेछ। जिल्लाहरूको हकमा प्रमुख जिल्ला अधिकारी वा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा अनुगमन टोली गठन गरी सघन रूपमा अनुगमन गरिने मन्त्रालयले जनाएको छ । रासस

# चीनतर्फ पनि बिजुली व्यापारको ढोका खुल्दै, उच्च क्षमताको प्रसारण लाइन निर्माणमा समझदारी



काठमाण्डु । नेपाल र चीनबीच बिजुली आदान-प्रदानका लागि उच्च क्षमताको प्रसारण प्रणाली निर्माण हुने भएको छ । नेपालतर्फ यसअघि नै सम्पूर्ण अध्ययन भइसकेको र निर्माणमा जान ठिक्क भइसकेको रसुवागढी-केरुङ प्रसारण लाइन चीतर्फ पनि जोड्ने गरी आवश्यक सहमति भएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को चीन भ्रमणमा क्रममा नेपाल र चीनबीच दुई सय २० केभी क्षमताको प्रसारण लाइन निर्माणका लागि आवश्यक समझदारी भएको छ । पछिल्लो समझदारीअनुसार नेपालको चिलिमे हब र चीनको जिलुङबीच प्रसारण प्रणाली जोडिने छ । नेपालतर्फ कुल १६ किलोमिटर लामो प्रसारण लाइन निर्माण हुनेछ। चीनतर्फ आवश्यक अध्ययन अगाडि बढाउने समझदारी भएको छ।

यसअघि नुवाकोटको रातमाटे हुँदै चीनको केरुङ जोड्ने गरी चार सय केभी क्षमताको प्रसारण लाइन निर्माणका सम्बन्धमा आवश्यक प्रक्रिया अगाडि बढाइएको थियो। नेपालले दुई फरक प्रकृतिका चार सय केभी र दुई सय २० केभी क्षमताका प्रसारण प्रणालीको अध्ययन गरेको थियो । लगानीका सम्बन्धमा पनि आवश्यक तयारी गरिएको थियो।

नेपालतर्फ सबै अध्ययन भए पनि चीनतर्फ भने अध्ययन नसकिएकाले यसपटक आवश्यक अध्ययन अगाडि बढाउने गरी प्रधानमन्त्रीको भ्रमणका क्रममा समझदारी भएको छ । पछिल्लो समझदारीले दुई देशबीच प्रसारण सञ्जाल निर्माण प्रक्रिया अगाडि बढ्ने ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेले जानकारी दिनुभयो।

दक्षिण छिमेकी देश भारतसँग नियमितरूपमा विद्युत् निर्यात र आयात भइरहेको छ। बङ्गलादेशसँग पनि बिजुली निर्यातका लागि आवश्यक तयारी भइरहेको छ। उत्तरी छिमेकी देश चीनसँग पनि बिजुली व्यापारको ढोका खोल्ने उक्त प्रसारण लाइन आफैँमा महत्त्वपूर्ण मानिएको छ। सो प्रसारण लाइन निर्माणका लागि प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणका क्रममा पुनः महत्त्वपूर्ण समझदारी भएको छ।

समझदारीअनुसार चिनियाँ प्राविधिक अध्ययनका लागि नेपाल आउने छन् । नेपालका तर्फबाट यसअघि भएका अध्ययनका आधारमा चिनियाँ प्राविधिकले थप अध्ययन गर्ने र निर्माणको प्रक्रिया सुरु गर्ने सचिव घिमिरेको भनाइ छ । प्रधानमन्त्री दाहालको भ्रमणदलको सदस्यका रूपमा चीनमा रहनुभएका सचिव घिमिरेले भन्नुभयो, "प्रसारण लाइन निर्माणका सम्बन्धमा आवश्यक समझदारी भएको छ। यो आफैँमा महत्त्वपूर्ण छ।"

दुई देशबीच भएको समझदारीले चीनतर्फ विद्युत् व्यापारका लागि प्रसारण लाइन बनाउने महत्त्वपूर्ण समझदारी भएको र यसले बिजुलीको बजार उत्तरतर्फ पनि विस्तार गर्ने विश्वास लिइएको छ । त्रिशूली र यसका सहायक नदीमा निर्माण भएका, निर्माणमा जाने तयारीमा रहेका र अध्ययन भइरहेका आयोजनाबाट उत्पादित बिजुली चीनतर्फ निर्यातका लागि सो प्रसारण लाइन निर्माण गरिने ऊर्जा मन्त्रालयका सम्बद्ध अधिकारीको भनाइ छ। रसुवाको चिलिमेमा हाल उच्च क्षमताको सबस्टेशन निर्माण अन्तिम चरणमा छ । सो सबस्टेशनमा रसुवागढी, साञ्जेनलगायतका आयोजनाको बिजुली जोडिने छ।

रसुवामा निर्माणाधीन प्रसारण लाइन र सबस्टेशन निर्माणलाई गति दिन ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणले आवश्यक पहल गरिरहेको छ । ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतले प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई अब कुनै पनि ढिलाइ नगरी सबस्टेशन र प्रसारण लाइन निर्माणमा ध्यान दिन र सोहीअनुसार निर्माण व्यवसायी परिचालन गर्न निर्देशन दिइसक्नुभएको छ।

दुई देशबीच ऊर्जा क्षेत्रमा दीर्घकालीन सहकार्य गर्ने उद्देश्यका साथ ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति र सहसचिवस्तरीय संयुक्त कार्यदलसमेत क्रियाशील छ । कोरोनालगायतका कारणले ती संयन्त्रको बैठक नियमितरूपमा बस्न सकेको थिएन।

प्रधानमन्त्री दाहालको भ्रमणपछि ती संयन्त्रको बैठकसमेत नियमितरूपमा अगाडि बढ्ने विश्वास लिइएको छ। यस्तै केही जलविद्युत् आयोजनामा लगानी र सहकार्यका विषयमा समेत महत्त्वपूर्ण सहमति भएको छ। यद्यपि सबै विषय दुई देशका तर्फबाट जारी हुने संयुक्त वक्तव्यमा समावेश हुने बताइएको छ।

नेपालको ऊर्जा क्षेत्रको विकासमा चीनले महत्त्वपूर्ण सहयोग गर्दै आएको छ । चिनियाँ प्राविधिक तथा निर्माण व्यवसायीले नेपाली प्राविधिकलाई दक्ष बनाउनेदेखि लगानीमा समेत उनीहरूको सहकार्य रहँदै आएको छ । यस्तै केही महत्त्वपूर्ण आयोजनामा चिनियाँ लगानीकर्ताले लगानीका लागि चासोसमेत व्यक्त गरेका छन्।

सरकारले सन् २०३५ सम्मको ऊर्जा विकाससम्बन्धी कार्ययोजना तयार पारेको सन्दर्भमा वैदेशिक लगानीसमेत अत्यावश्यक रहन्छ। त्यसमा अन्य देशका लगानीकर्ता जस्तै चिनियाँ लगानीकर्तालाई नेपालमा लगानीका लागि सरकारले आग्रह गरिरहेको छ।

यसअघि नै नुवाकोटको रातमाटे-केरुङ प्रसारण लाइनको विस्तृत परियोजना प्रतिवेदन चिनियाँ कम्पनी स्टेट ग्रिड कर्पोरेशन अफ चाइना र नेपाल विद्युत् प्राधिकरणले गरेको थियो। यस्तै वातावरणीय प्रभाव मूल्याङ्कनको काम प्राधिकरणको सहायक कम्पनी एनइए इन्जिनियरिङ कम्पनीले अगाडि बढाइरहेको छ । उत्तरी छिमेकी देशसँग पनि प्रसारण लाइन निर्माण हुने भएपछि नेपाली बिजुली भारत, बङ्गलादेशका अतिरिक्त चीनसमेत पुग्ने विश्वास लिइएको छ । कोरोनालगायतका कारणले रोकिएका संयन्त्रका बैठक नियमित हुने र बिजुली आदान-प्रदानका लागि प्रधानमन्त्रीको भ्रमणका क्रममा दुई देशका उच्च अधिकारीको उपस्थितिमा महत्त्वपूर्ण विचार आदान-प्रदान भएको बताइएको छ।

यस्तै हुम्लाको सिमीकोट-हिल्सा सडक निर्माणका सन्दर्भमा पनि दुई देशबीच महत्त्वपूर्ण सहमति भएको छ । ती सहमतिपत्रमा चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठ र चिनियाँ अधिकारीले हस्ताक्षर भएको छ। रासस

# नेपाल-चीनबीच कृषि क्षेत्रमा सम्झौता



**टुडे समाचारदाता**

काठमाण्डु । कृषि तथा पशुपन्छी विकास मन्त्रालय र चीनको कृषि तथा ग्रामीण मामिला मन्त्रालयबीच कृषि, पशुपन्छी तथा मत्स्यपालन क्षेत्रमा सहकार्य गर्नेसम्बन्धी सम्झौता भएको छ।

प्रधानमन्त्री प्रचण्ड चीन भ्रमणमा गएको बेला सोमबार सो सम्झौता भएको हो । सो समझदारीले दुई देशबीचको कृषि सहयोगको स्तर उकास्ने विश्वास संयुक्त विज्ञप्तिमार्फत गरिएको छ।

नेपाल-चीन कृषि सहयोगसम्बन्धी चौथो संयुक्त आयोगको बैठक यथाशीघ्र आयोजना गर्न पनि दुवै देश सहमत भएका छन् । दुवै पक्षबीच यसअघि नै कृषिमा सहकार्यलाई थप प्रवर्द्धन गर्न कृषि औद्योगिक प्रदर्शनका लागि पार्क बनाउने सहमति भइसकेको थियो। पार्कका लागि स्थानको चयन नेपाल पक्षले चाँडै गर्ने भनिएको छ।

९८ प्रतिशत कर लाग्ने उत्पादनमा शून्य महसुल उपलब्ध गराएकोमा नेपाली पक्षले चिनियाँ पक्षको प्रशंसा गरेको छ । चीनले नेपाली उत्पादन आयातका लागि सहजीकरण गर्न तयार रहेको पनि संयुक्त विज्ञप्तिमा उल्लेख छ। चीनले नेपालबाट घाँस निर्यात गर्न सफल भएको छ । त्यसका साथै नेपालबाट चीनमा चिनियाँ औषधिको लागि वनस्पतिबाट व्युत्पन्न औषधी सामग्रीको निर्यातका लागि हस्ताक्षर भएकोमा नेपाल र चीनले स्वागत गरेका छन्।

चीनतर्फ भैँसीको मासु निर्यातका लागि स्वीकृति दिने प्रक्रियालाई तीव्रता दिन पनि दुवै पक्ष सहमत भएका छन्। भैँसीको मासु आयात गर्न सके व्यापार असन्तुलन कम गर्नको सहज हुने नेपाली पक्षको भनाइ छ।

नेपाली फलफूलको निर्यातका लागि फाइटोसेनेटरी आवश्यकताहरू पूरा गर्न र नेपालमा क्वारेन्टाइन प्रयोगशाला स्थापना गर्न चीनले नेपाललाई सहयोग गर्ने समेत सहमति भएको छ । साथै चीनले याक, नाक र पहाडी बाख्रा (च्याङ्ग्रा) को प्रजनन तथा अन्य क्षेत्रमा नेपाललाई सहयोग गर्ने भएका छन्। रासस


**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**मधेश प्रदेश, जनकपुरधाम**

**विज्ञापन (संशोधन सहित) म्याद थप सम्बन्धी सूचना**

यस प्रतिष्ठानको मिति २०७९/०४/०१ (प्रथम पटक), मिति २०७९/०४/०८ (पहिलो संसोधन), मिति २०७९/०४/१५ (दोस्रो संसोधन) द्वारा गरिएको विज्ञापनहरु मध्ये बाँकी रहेका पदहरुका पदपूर्तिका लागि संसोधन सहित म्याद थप गरिएकोले यस सम्बन्धमा विस्तृत जानकारीको लागि यस प्रतिष्ठानकोWebsite:www.mihs.edu.np मा हेर्नु हुन् अनुरोध छ।

**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**

# बैंकिङ्ग कसुर मुद्दाका आरोपि पक्राउ

टुडे समाचारदाता

राजविराज । मिटरब्याजी प्रकरण अन्तर्गत ठगी तथा आपराधिक विश्वासघात एवं बैंकिङ्ग कसुर सम्बन्धी मुद्दाका आरोपि सप्तरीको बोदेबर्साइन नगरपालिका ८ काचन राजोपट्टीका मनिकलाल यादव पक्राउ परेका छन् ।

सिरहाको धनगढीमाई नगरपालिका १ घर भइ हाल लहान नगरपालिका १ मा बस्दै आएका संतोष कुमार यादवको जाहेरीले सिरहा जिल्ला अदालतको आदेशानुसार ४० वर्षीय यादवलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

सिरहा जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएपछि सोमबार साँझ पक्राउ गरी उनलाई मंगलवार सिरहा प्रहरीको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुन्डीराज न्यौपानेले जानकारी दिए ।

यादवमाथि जग्गा, चेक तथा सुनचाँदीका गरगहना धितो राखेर चर्को मिटरब्याज असुली गर्ने र कतिपय व्यक्तिले लिएको ऋण ब्याज चुक्ता गरी सके पनि धितो फिर्ता नगरेको आरोप छ । पछिल्लो पटक सिरहाका संतोषले उनीमाथि दिएको मिटरब्याजी प्रकरण अन्तर्गत ठगी तथा आपराधिक विश्वासघात एवं बैंकिङ्ग कसुर सम्बन्धी मुद्दा प्रहरी हुँदै अदालतसम्म पुगेपछि यादव विरुद्ध पक्राउ पुर्जी जारी भएको थियो ।

संतोषले समस्या परेका बेला मनिकलालसंग जग्गा धितो राखेर पटक/पटक गरी ५७ लाख रुपैयाँ ऋण सापटी लिएको जाहेरीमा उल्लेख गरेका छन् । सो बापत उनले लहान नगरपालिका १ स्थित ९ धुर जग्गामा निर्मित ४ तल्ले घर तथा सोही वडामा १२ धुर जग्गामा निर्मित अर्को एक तल्ले घर धितो बापत मनिकलाल निर राखेका थिए । यतिमात्र होइन । आफूसंग मनिकलालले रकम उल्लेख नगरिएको ४ वटा सादा चेकमा हस्ताक्षर गर्न लगाई बुझिलिएको र त्यसपछि मात्र ऋण सापटी दिन तयार भएको संतोषले जाहेरीमा उल्लेख गरेका छन् ।



उनले कोरोना कालमा व्यापार व्यवसाय चौपट भएको तथा समस्या पर्दा मनिकलालले भने अनुसारको कागज तथा सादा चेकमा हस्ताक्षर गरी बुझाएको बताए । पछि गएर मनिकलालले १ लाखको दैनिक १ हजारका दरले चर्को ब्याज माग्न थालेको र आफूले सो अनुसारको ब्याज तिर्न नसक्ने बताएपछि मनिकलालले आफूबाट प्राप्त गरेको हस्ताक्षर सहितको चेकमा आफैले १ करोड ४६ लाख ५ सय रुपैया भरेर बैंकमा तीन पटक चेक बाउन्स गराइ फसाउन खोजेको संतोषले सुनाए ।

कतै कुनै उपाय नदेखेपछि आफू न्यायका लागि स्थानीय प्रहरी प्रशासन हुँदै अदालतसम्म पुगेको संतोषको भनाइ छ । मनिकलालको चर्को ब्याजबाट पीडित हुने अन्य व्यक्तिहरु पनि धमाधम सार्वजनिक हुन थालेका छन् ।

मंगलवार मनिकलालको चर्को मिटरब्याज तथा चेकमा किर्ते हस्ताक्षरबाट पीडित भएका थप दुईजना पीडितहरु न्यायका लागि सार्वजनिक भएका छन् ।

राजविराज ७ का डा.विवेक कुमार झा र राजगढ गाउँपालिका ३ का सोमन साहले मनिकलालबाट सोही प्रकृतिको अपराधबाट आफूहरु पनि पीडित भएको भन्दै न्यायका लागि पहल गरी दिन प्रहरी, अधिकारकर्मी र संचारकर्मीसंग आग्रह गरेका छन् ।

डा.झाले मनिकलालसंग जग्गा धितो राखी पटक/पटक गरी लिएको ७१ लाख ऋणमध्ये ३२ लाख रुपैयाँ बुझाइसकेको तथा करिब १ करोड ५० लाख मूल्य बराबरको जग्गाको कागजात पनि उनै सँगै रहँदा पनि चर्को ब्याज जोडेर मानसिक यातना दिने गरेको गुनासो पोखे । यति मात्र होइन । मनिकलालले एक दिन गाडीको डिक्कीमा राखिएको चेक बुक चोरेर आफैले मेरो नामको नक्कली हस्ताक्षर गरी १ करोड ९५ लाख रकम भरेर बैंकबाट चेक बाउन्स गराइ मलाई बैंकिंग कसुर मुद्दामा फसाउन खोजको डा.झाको भनाइ छ ।

उनले पनि मनिकलालले १ लाखको दैनिक १ हजारको दरले ब्याज जोड्ने गरेको सुनाए । चोरी भएको आफ्नो चेकमा नक्कली हस्ताक्षर भएको कुरा राष्ट्रिय विधिविज्ञान प्रयोगशालाले समेतले परीक्षण गरी प्रमाणित गरिदिएको उनले बताए ।

उनले प्रहरीमा मनिकलाल विरुद्ध दिएको जाहेरीमा समेत उक्त परीक्षण रिर्पोट प्रमाणका रुपमा पेश गरेका छन् ।

यस्तै मंगलवार नै सप्तरीको राजगढ गाउँपालिका ३ का सोमन साहले आफू पनि मनिकलालको चर्को मिटरब्याजबाट पीडित भएको गुनासो पोखेका छन् । उनले आफूले मनिकलालसंग पटक पटक गरी २५ लाख रुपैयाँ ऋण सापटी लिएको सुनाए । सो बापत २ करोड १० लाखको कागजात तथा ९७ लाखको चेक धरौटी बापत मनिकलालले लिएको उनको भनाइ छ ।

उनले पनि आफूसंग १ लाखको दैनिक १ हजारका दरले मनिकलालले माग्न थालेपछि समस्यामा परेको गुनासो पोखे । उनीहरुले मिटरब्याज तथा किर्ते हस्ताक्षर गरी आफूहरुलाई उठिवास गराउन खोज्ने साहुकार मनिकलालमाथि कडा कारबाहीका लागि पहल गरिदिन सबैसंग आग्रह गरेका छन् ।


# मलंगवा घटनाका दोषीलाई कारबाही गर्न राजनीतिक दलको माग

टुडे समाचारदाता

सर्लाही । मलंगवामा घटनाका दोषीलाई कारबाही गर्न ६ राजनीतिक दलले माग गरेको छ । मंगलबार संयुक्त रुपमा विज्ञप्ति जारी गर्दै मलंगवा घटनाका दोषीहरु पत्ता लगाई कडाभन्दा कडा कारबाही गर्न उनीहरुले माग गरेका छन् । कर्फ्यु मात्र लगाएर समस्याको समाधान नहुने भएकोले घटनाका दोषीहरु पत्ता लगाई कानुनको दायरामा ल्याएर कडाभन्दा कडा कानुनी कारबाही गर्नुपर्ने जारी विज्ञप्तिमा उल्लेख छ ।

नेपाली काँग्रेस सर्लाहीका सभापति सुरेन्द्र सिंह, नेकपा एमालेका राजनारायण साह, नेकपा माओवादी केन्द्रका जिल्ला इन्चार्ज अच्युतम काफ्ले, जसपाका अध्यक्ष बीरेन्द्र कुमार राय, नेकपा एकीकृत समाजवादीका अध्यक्ष सुरेन्द्र लामा र लोसपाका अध्यक्ष राम प्रसाद रायले विज्ञप्ति मार्फत विगत केही समयदेखि जिल्लाको सदरमुकाम मलंगवा र आसपासका क्षेत्रहरुमा भइरहेको सामाजिक सद्भाव खलबल्याउने किसिमको गतिविधिप्रति चिन्ता व्यक्त गरेका छन् ।

मूर्ति सेलाउने क्रममा भएको घट्ना र त्यस पछि भइरहेको घटनाक्रमले



प्रमुख ६ राजनैतिक दल को सामुहिक अपिल

शदियौंदेखि चल्दै आएको आपसी सद्भाव, सहयोग र भाइचाराले मिलिजुली बसिरहेको समाजमानकारात्मकछापपर्दैगइरहेको विज्ञप्तिमा उल्लेख गरिएको छ । प्रशासनद्वारा जारी गरिएको कर्फ्युले जनजीवन झन आक्रान्त एंव कष्टकर बनेको छ ।

आफ्नो दुनो सोझ्याउने केही व्यक्तिहरुको उत्तेजित एवं अराजक गतिविधिले धार्मिक तथा जातीय हिंसा भड्किएकोले यसबाट सामाजिक मूल्य मान्यतामा चल्ने, अन्य धर्म, सम्प्रदाय, आस्थाको सम्मान गर्नेलाई कहिल्यै राम्रो नगर्ने विज्ञप्तिमा उल्लेख गरिएको छ ।

समस्या समाधानको लागि प्रशासन समक्ष कर्फ्यु मात्र समाधानको बाटो नभएकोले दोषीहरु पत्ता लागाई कानुनी दायरामा ल्याएर कडा भन्दा कडा कारबाही गर्न ६ वटै राजनीतिक दलका जिल्ला अध्यक्षहरुले संयुक्त रूपमा विज्ञप्ति जारी गरेर जोडदार माग गरेका छन् ।

आफूहरु धार्मिक सहिष्णुता, आपसी भाइचारा, बन्धुत्वको भावना शान्ति सद्भाव र एउटा उन्नत समाजमा विश्वास राख्दै आएकोले यो घटना क्रमलाई मिहिन ढङ्गले बुझ्दै प्रशासन, नागरिक समाज, विभिन्न समुदाय, राजनीतिक दल, संस्थाहरुसँग समन्वय र छलफल गरी समाधानको उपाय र प्रयास निरन्तर गरिरहेको विज्ञप्तिमा उल्लेख छ ।

उनीहरूले संयमित भएर सामाजिक सञ्जालको प्रयोग गर्ने, उत्तेजित पार्ने, सामाजिक सद्भाव भडकिने किसिमको कृयाकलाप नगर्न नगराउन सबैसँग अनुरोध गरेका छन् । साथै यस्तो संवेदनशील र कठिन परिस्थितिमा सबै एक जुट भइ सामाजिक सद्भाव एवं धार्मिक सहिष्णुता कायम गर्न आ-आफ्नो तर्फबाट लाग्न समेत अपिल गरेका छन् ।

# लैंगिक हिंसा न्यूनीकरणमा सबै पक्षको सहयोग आवश्यक : मन्त्री यादव



टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका शिक्षा तथा समाज कल्याण मन्त्री महेश प्रसाद यादवले मधेश प्रदेशमा अझै लैंगिक हिंसा कायम रहेकाले त्यसलाई न्यूनीकरण गर्न सबै पक्षको सहयोग आवश्यक रहेको बताएका छन् ।

इस्लामिक रिलिफ क्यानाडा/इस्लामिक रिलिफ नेपालको आर्थिक सहयोगमा ग्रामीण विकास केन्द्र नेपाल, रौतहटद्वारा संचालित लैंगिक हिंसा न्यूनीकरण परियोजनाको मंगलबार जनकपुरधाममा उद्घाटन गर्दै मन्त्री यादवले यस्तो धारणा राखेका छन् ।

उनले प्रदेशका विभिन्न जिल्लामा संचालन हुने उक्त परियोजनाले लैंगिक हिंसा न्यूनीकरणका साथै आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउने बताए । सिमान्तकृत, गरिब, दलित तथा विपन्न समुदाय अझै लैंगिक हिंसामा पर्ने गरेको बताउँदै मन्त्री यादवले यस्ता विकृतिलाई न्यूनीकरण गर्न मधेश प्रदेश सरकार समेत गम्भीर रहेको बताए ।

कार्यक्रममा ग्रामिण विकास केन्द्र नेपालका पारस हुसेनले परियोजना अन्तर्गत हिंसामा परेका महिला तथा बालबालिकालाई सामाजिक तथा आर्थिक सहयोग गरी जीविकोपार्जनसम्मको व्यवस्थापन गरिने कार्यक्रम रहेको बताए ।

संघीय, प्रदेश तथा स्थानीय तह गरी तीनै तहका सरकारसँगको सहकार्यमा परियोजना संचालन भइरहेको उनले जानकारी दिए । ग्रामीण विकास केन्द्र नेपालले रौतहटको राजपुर नगरपालिका र चन्द्रपुर नगरपालिकामा यो परियोजना संचालन गरिरहेको उनले बताए ।

परियोजना अन्तर्गत लैंगिक हिंसा तथा जोखिममा रहेका परिवारलाई जीविकोपार्जनका सीपमूलक तालिम, उत्पादनशील तालिम, जीविकोपार्जनका लागि ऋणको व्यवस्था, स्थानीय स्तरमा ४० वटा घर निर्माण, किशोरकिशोरीहरुलाई सामुदायिक सिकाई केन्द्रहरुमा लैंगिक हिंसा विरुद्धका सत्रहरु संचालन गर्ने, शिक्षामा पहुँच नभएका बालबालिकाहरुलाई शिक्षामा पहुँच गराउने लगायतका कार्यक्रमहरु रहेको उनले बताए ।

# दस पालिकामा जलवायु मैत्री कृषि परियोजना सुरु

टुडे समाचारदाता

जनकपुरधाम । बाढीग्रस्त क्षेत्रका कृषकहरुको क्षमता अभिवृद्धि तथा विस्थापित श्रमिकहरुलाई कृषिमा पुनःसमाहित गर्ने उद्देश्यले धनुषा र महोत्तरीका विभिन्न १० वटा पालिकामा जलवायु मैत्री कृषि परियोजना सुरु भएको छ ।

कोरिया इन्टनेशनल कर्पोरेशनको आर्थिक सहयोगमा ग्लोबल ग्रिन ग्रोथ इन्स्टिच्युट( जिजिजिआई)ले धनुषा र महोत्तरीका विभिन्न १० वटा पालिकामा जलवायु मैत्री कृषि कार्यक्रम मार्फत "बाढीग्रस्त क्षेत्रका कृषकहरुको क्षमता अभिवृद्धि तथा विस्थापित श्रमिकहरुको कृषिमा पुनः एकीकरण" नामक परियोजना संचालन गर्न लागेको छ ।

महोत्तरीको मटिहानी नगरपालिका, भंगहा नगरपालिका, बलवा नगरपालिका, महोत्तरी गाउँपालिका र सोनमा गाउँपालिका, धनुषाको सबैला नगरपालिका, कमला नगरपालिका, मिथिला बिहारी नगरपालिका, जनकनन्दनी गाउँपालिका र मुखियापट्टी मुसहरनियाँ गाउँपालिकामा यो परियोजना संचालन गरिएको छ ।




उक्त परियोजना अन्तर्गत धनुषा र महोत्तरीका विभिन्न ६७ वटा फर्मलाई छनोट गरिएको छ । छनोट गरिएका फर्महरुलाई बिजनेस अगाडि बढाउन ४ हजारदेखि २० हजारसम्म (अमेरिकी डलर) अनुदान दिने कार्यक्रम रहेको परियोजनाका प्रमुख महेश क्षेत्रीले जानकारी दिए ।

सन् २०२५ सम्म संचालन हुने उक्त परियोजनाको कुल बजेट ५९ लाख ९० हजार अमेरिकी डलर रहेको छ । त्यसमध्ये पहिलो वर्षमा ७ लाख २० हजार डलर छनोट गरिएका फर्महरुमा वित्तरण गरिने उनले बताए ।

कृषकको आय स्तर उकास्ने मुख्य उद्देश्य रहेको यो परियोजना अन्तर्गत छनोट भएका फर्महरुसँग मंगलवार एक कार्यक्रमबीच सम्झौता पत्र हस्तान्तरण गरिएको छ । सम्झौता हस्तान्तरण कार्यक्रममा मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री गोविन्द न्यौपानेले यो परियोजनाको उद्देश्य राम्रो रहेकोले अन्य जिल्लाहरुमा पनि संचालन हुनुपर्नेमा जोड दिए ।

उनले मधेशमा उर्वरभूमि र खेतीयोग्य जग्गा भए पनि प्राविधिक सहयोगको अभाव तथा समयमा मलखाद्यको अभावमा कृषकहरुले मेहनत अनुसारको उपलब्धि प्राप्त गर्न नसकेको बताए ।

२० वर्ष अघिसम्म मधेश प्रदेशबाट भारततर्फ खाद्यान्न निर्यात हुने अवस्था थियो, मन्त्री न्यौपानेले भने,' तर अहिलेको अवस्थामा खाद्यान्न मात्र नभइ तरकारी पनि भारतबाट आयात भइरहेको छ । त्यसकारण यस्ता परियोजनाले यहाँका कृषकहरुलाई कृषि पेशामा लाग्न उत्साह बढाउने छ ।'

कार्यक्रममा जिजिजिआईका नेपाल प्रतिनिधि डा.लास्स रिङ्गसले परियोजना सफल रुपमा कार्यान्वयन भएको खण्डमा यहाँका कृषकहरुको जीवनमा व्यापक सुधार आउने दाबी गरे ।

पुँजी र प्राविधिकको अभावमा कृषकहरु राम्रो खेती गर्न नसकिरहेको बताउँदै उनले भने,' यो परियोजना अन्तर्गत जोडिएका कृषकहरुले समयमा प्राविधिक तथा आर्थिक सहयोग पाउने भएपछि कृषि तथा पशुपालनमा उल्लेखनीय सुधार भइ कृषकको जीवनस्तर उकास्न टेवा पुग्नेछ ।'

# गैर कानुनी रुपमा सञ्चालित शैक्षिक संस्थालाई जरिवाना

टुडे समाचारदाता

वीरगञ्ज । वीरगञ्ज महानगरले अनुमति नै नलिइ विभिन्न कलेजको नाममा गैर कानुनी रुपमा सञ्चालित ९ वटा शैक्षिक संस्थालाई १/१ लाख रुपैयाँ जरिवाना गर्ने निर्णय गरेको छ ।

वीरगञ्ज महानगरपालिकाको शिक्षा समितिको सम्पन्न बैठकले संस्थागत विद्यालय नियमन समितिले अनुगमनका क्रममा सिलबन्दी गरेको शैक्षिक संस्थालाई जरिवाना गर्नुका साथै ती संस्थालाई कुनै पनि शैक्षिक कार्यक्रम सञ्चालन गर्न नपाउने गरी रोक लगाउने निर्णय गरेको छ ।

उनीहरूले व्यवसाय दर्ता गरेको भए त्यो समेत खारेज गर्ने निर्णय गरिएको जनाइएको छ । शिक्षा समितिद्वारा गठित संस्थागत विद्यालय नियमन समितिले गएको भदौ १३ गतेदेखि गरेको अनुगमनका क्रममा अनुमति नलिइ गैर कानुनी रुपमा शैक्षिक संस्था सञ्चालनमा रहेको भेटेपछि सिलबन्दी गरेको थियो ।




शिक्षा समितिको बैठकमा नियमन समितिका संयोजक ईश्वरचन्द्र यादवले अनुमति नलिइ सञ्चालनमा रहेको ९ वटा कलेज र एक प्रि स्कुल तथा कलेज सञ्चालनका लागि आफ्नो अनुमति दुरुपयोग गर्न दिने ९ वटा स्कुललाई समेत कारबाहीको दायरामा ल्याउनु पर्ने राय सहितको अनुगमन प्रतिवेदन पेश गरेका थिए ।

संयोजक यादवले पेश गरेको प्रतिवेदनलाई शिक्षा समितिले अनुमोदन गर्दै अनुगमनका क्रममा भेटिएका गैर कानुनी रुपमा सञ्चालित शैक्षिक संस्थालाई जरिवाना तथा बन्द समेतको कारबाही गर्ने निर्णय भएको वीरगञ्ज महानगरपालिकाका शिक्षा महाशाखाका प्रमुख अरबिन्दलाल कर्णले जानकारी दिए ।

समितिले संघीय शिक्षा ऐन २०२८ को दफा १७ (१) क तथा महानगर शिक्षा ऐनको दफा ४१ अनुसार दण्ड, सजाय एवं जरिवाना गर्ने निर्णय गरेको पनि उनले बताए ।

अवैध रुपमा सञ्चालित वीरगञ्ज स्कुल अफ ल, युनिभर्सल कलेज, इम्पेरियल कलेज, अन्नपूर्ण पब्लिक कलेज, प्रिन्सटन कलेज, युनिभर्सल +२ कलेज, सत्यम पब्लिक कलेज, पर्सा म्यानेजमेन्ट कलेज, नेशनल कलेजलाई १/१ लाख रुपैयाँ जरिवानामा गरिएको छ । बिजी बिज किड्स प्री स्कुल लाई ५० हजार रुपैयाँ जरिवाना गरिएको बताइएको छ ।

यस्तै आफूले लिएको अनुमति पत्र दोस्रो पक्षलाई दिएर दुरुपयोग गर्ने ९ वटा विद्यालयलाई समेत दण्ड जरिवाना गरी नसिहत दिइएको छ । पिस जोन एकेडेमी, ओसिस मा.वि., ग्रिनल्याण्ड मा.वि., गोल्डेन बाटिका स्कुल, ज्ञान निकेतन मा.वि.,न्यू वेभ एकेडेमी, एन्जल इन्टरनेशनल बोर्डिङ स्कुल, मुनलाइट इङ्लिस बोर्डिङ स्कुल र वीरगञ्ज सेन्ट्रल स्कुलले आफूले लिएको अनुमति अरूलाई प्रयोग गर्न दिएर अनुमति दुरुपयोग गरेकाले ५०/५० हजार रुपैयाँ जरिवाना गरिएको बताइएको छ ।

यस्तै बैठकले अनुमति नलिएका शैक्षिक संस्थालाई भवन/कोठा भाडामा दिने घर धनीलाई घर बहाल कर दाखिला गर्न लगाउने र अब उप्रान्त अनुमति नलिएका शैक्षिक संस्थालाई घर/कोठा भाडामा नदिन पनि सचेत गराउने निर्णय गरेको छ ।

बैठकले सिलबन्दी भएका शैक्षिक संस्थाले तत्काल विधि प्रक्रिया पुऱ्याई अनुमति माग गर्न आएमा नियमानुसार ती शैक्षिक संस्थालाई अनुमति प्रदान गर्न प्रक्रिया थालनी गर्ने निर्णय गरेको शिक्षा महाशाखा प्रमुख कर्णले जानकारी दिए ।

शैक्षिक क्षेत्र सुधारका लागि निरन्तर अनुगमन हुनुपर्ने भन्दै बैठकले संस्थागत विद्यालय नियमन समितिले गरेको अनुगमन सराहनीय रहेकाले त्यसलाई निरन्तरता दिन पनि निर्देशन दिएको छ ।

# लालबन्दीमा सद्भाव ऱ्याली

टुडे समाचारदाता

सर्लाही । सर्लाहीको लालबन्दीमा मंगलबार साँझ नेकपा एमालेले सद्भाव ऱ्याली निकालेको छ ।

नेकपा एमाले लालबन्दी नगर कमिटीले सदरमुकाम मलंगवासहित जिल्लाका विभिन्न स्थानमा केही दिनदेखि सामाजिक सद्भावमा आँच पुग्ने गरी भइरहेको गतिविधिलाई लक्षित गरी लालबन्दी बजारमा सद्भाव ऱ्याली निकालेको छ ।

'हिन्दू-मुस्लिम भाइभाइ, कोही छैन पराइ' भन्ने नारासहित एमाले लालबन्दी नगर कमिटीका अध्यक्ष सरोजबाबु न्यौपानेको नेतृत्वमा सद्भाव ऱ्याली निकालिएको एमाले लालबन्दी नगर कमिटीका सचिव शिवहरि गौतमले जानकारी दिए ।

ऱ्याली पश्चात सद्भाव र शान्तिको कामनासहित दीप प्रज्वलन गरी कोण सभा गरिएको थियो । नेकपा एमालेका नेता गोविन्द महतले आपसी सद्भाव र भाइचारा कायम गर्दै सबै समुदाय मिलेर बस्नुपर्छ भन्ने सन्देश दिन आम सर्वसाधारणसहित नेताहरु सहभागी भएर ऱ्याली निकालिएको बताए ।

यस्तै, किसिमको सद्भाव ऱ्याली आज (बुधबार) बरहथवामा त्यहाँको नगरपालिकाको आयोजनामा निकालिने भएको छ । केही दिनदेखि अशान्त बनेको सदरमुकाम मलंगवा विस्तारै शान्त बन्दै गइरहेको छ ।



हेलो सरकारमा गुनासो गरौं, समस्याको समाधान खोजौं ।

सार्वजनिक स्थल वा निकायमा:

- कुनै भेदभाव भएमा,
- सेवा प्राप्तिमा वञ्चित वा अवरोध भएमा,
- सार्वजनिक कार्यबाट नोक्सानी वा कुनै पीरमर्का भएमा हेल्लो सरकारमा सम्पर्क गरौं ।

हेलो सरकारले निशुल्क टेलिफोन नम्बर १११११ तथा सामाजिक सञ्जालमार्फत गुनासो गरी समस्याको समाधान खोजौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८